वर्ष : २०, अंक : ४२, काठमाडौं, २०८१ चैत २२ गते शुक्रबार, 4 April, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

# संघीय लोकतान्त्रिक मोर्चा घोषणा : गणतन्त्र रक्षाका लागि प्रतिबद्धता

**मधेशवाणी डेस्क**

काठमाडौं। तराई-मधेशकेन्द्रित सात राजनीतिक दलहरुले 'संघीय लोकतान्त्रिक मोर्चा' घोषणा गरेका छन्।

बिहीबार काठमाडौंको थापागाउँस्थित काठमाडौं ब्यांकेटमा आयोजित घोषणासभामा जनमत पार्टी, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता प्रगतिशील पार्टी र तराई-मधेश लोकतान्त्रिक पार्टीका शीर्ष नेताहरु सहभागी थिए।



संघीय लोकतान्त्रिक मोर्चामा आवद्ध दलहरूले आलोपालो बैठक आयोजना गर्ने भएका छन्। बैठकको नेतृत्व पनि आलोपालो हुने भएको छ। उनीहरूले मोर्चाको बैठक आलोपालो सबै घटक दलको कार्यालय वा संसदीय दल वा दलहरूको सुविधा हुने ठाउँमा राखिने तय गरेका छन्।

मोर्चाको बैठक आयोजना गर्ने दलले नै उक्त दिनको बैठकको अध्यक्षता र मिडिया संयोजन तथा मिडिया ब्रिफिङ गर्ने संघीय लोकतान्त्रिक मोर्चाको आचारसंहितामा उल्लेख छ।

मोर्चाका निर्णयहरू सहमतिको आधारमा गरिने र त्यसरी गरिएका निर्णयहरू नै मोर्चाको आधिकारिक निर्णय र धारणा हुने नेताहरूले जनाएका छन्। मोर्चामा भएका सहमति वा निर्णय गरिएका एजेन्डा र कार्यक्रम सबै घटक दलले पालना गर्ने उनीहरूको भनाइ छ।

मोर्चाको मूल समितिमा प्रत्येक घटक दलबाट अध्यक्षसहित बढीमा ३ जनासम्म सदस्य राख्न सकिने तथा मोर्चाको नियमित बैठक सञ्चालन र व्यवस्थाप गर्न प्रत्येक घटक दलबाट एक-एक जना सदस्य रहने गरी सचिवालय गठन गरिने भएको छ।

त्यसरी बनेको सचिवालयले एजेन्डा, योजना र कार्यक्रमको खाका तयार गरी मूल समितिमा पेश गर्ने नेताहरूले जानकारी दिएका छन्।

संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्ने, सामर्थ्य र पहिचानको आधारमा प्रदेशहरूको नामांकन र संरचना गर्न/गराउन साथै संघीयताको प्रभावकारी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारहरूका बीचको क्षेत्राधिकार स्पष्ट पार्ने मोर्चाका उद्देश्य र राजनीतिक प्रतिबद्धताहरू रहेका छन्।

घोषणा कार्याक्रममा वितरण गरिएको विज्ञप्तिमा राजस्व तथा स्रोतसाधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा-सुविधानहरू जनतामा पुऱ्याउन प्रदेशलाई सक्षम बनाई स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्ने प्रतिबद्धताहरू पनि उल्लेख गरिएको छ।

मोर्चाले विगतमा नेपाल सरकार र आन्दोलनकारी शक्तिहरूबीच गरिएका २२ बुँदे, ८ बुँदे र ११ बुँदे सम्झौतका साथै अन्य राजनीतिक दल/संगठन र सरकारबीच गरिएका सहमति तत्काल कार्यान्वयन गराउने उद्देश्य राखेको छ।

मोर्चाले लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न, जनआन्दोलन, मधेश जनविद्रोह र आन्दोलन, थरुहट, लिम्बुवानलगायत विभिन्न आन्दोलनमा पक्राउ गरी राज्यले मुद्दा लगाएका बन्दीहरूलाई रिहाइको माग गरेको छ।

## मोर्चाको आचारसंहिता

सङ्घीय लोकतान्त्रिक मोर्चामा आवद्ध राजनीतिक दल/पार्टी/संगठनले पालना गर्नु पर्ने आचारसंहिता निम्नबमोजिम रहेका छन्।

१. मोर्चाको बैठक आलोपालो सबै घटक दलको कार्यालय वा संसदीय दल वा दलहरुको सुविधा हुने ठाँउमा राखिने छ।

२. मोर्चाको बैठक आयोजना गर्ने दलले नै उक्त दिनको बैठकको अध्यक्षता र मिडिया संयोजन तथा मिडिया बृफिङ गर्नेछ।

३. मोर्चामा सहमति वा निर्णय गरिएका एजेन्डा र कार्यक्रम सबै घटक दलले पालना गर्नेछ।

४. मोर्चाका निर्णयहरु सहमतिका आधारमा गरिनेछ। यसरी सहमतिका आधारमा गरिएका निर्णयहरु नै मोर्चाका आधिकारीक निर्णय र धारणा हुनेछ।

५. मोर्चासँग विचार मिल्ने दललाई मोर्चाको निर्णय अनुसार मोर्चामा सहभागी गराउन वा त्यस्तो दलसंग सहकार्य गर्न अथवा आमन्त्रित दलको रुपमा सहभागी गराउन सकिनेछ।

६. मोर्चाका आवद्ध दलहरुले सार्वजनिक रुपमा एक अर्काको आलोचना, घोचपेच नगरी अभिव्यक्ति प्रस्तुत गर्नेछ। तर वैचारिक एवं सैद्धान्तिक सवालमा आ-आफ्नो विचार सार्वजनिक गर्न बाधा पर्ने छैन।

७. आवश्यक कार्यविधि निर्माण गरी मोर्चाका आवद्ध दलहरुबीच विभिन्न क्षेत्र, तहहरुमा सहकार्य गर्न सक्नेछ।

८. मोर्चाको मुल समितिमा प्रत्येक घटक दलबाट अध्यक्ष सहित बढीमा ३ जनासम्म सदस्य राख्न सकिनेछ।

९. मोर्चाको नियमित बैठक संचालन र व्यवस्थापनको निम्ति प्रत्येक घटक दलबाट एकरएक जना सदस्य रहने गरी सचिवालय गठन गरिनेछ। सचिवालयले एजेन्डा, योजना र कार्यक्रमको खाका तयार गरि मुल समितिमा पेश गर्नेछ। यसका अतिरिक्त तोकिएका कार्यहरु गर्नेछ।

१०. मोर्चाले आवश्यकता अनुसार विभिन्न उपसमिति/कार्यदलहरु गठन गरी कार्य गर्न सक्नेछ।

११. मोर्चाका घटकदलहरु मध्ये अधिकांश दललाई कुनै पनि विषयमा तत्काल छलफल गर्न आवश्यक लागेमा बैठक डाक्न सक्नेछ। बैठकको छुट्टै माइन्युट हुनेछ र त्यसको व्यवस्थापन सचिवालयले गर्नेछ।

१२. बैठकमा सहभागीहरुले मर्यादित रूपमा सदभावपुर्ण वातावरणमा आ-आफ्नो पार्टीको तर्फबाट धारणा राख्नेछन्।

१३. मोर्चामा आवद्ध दलहरू मोर्चाको उद्देश्य विपरित नहुने गरि अन्य मोर्चामा आवद्ध हुन वा अन्य दलहरुसँग एकीकरण गर्न वाधा हुने छैन।

१४. मोर्चा संचालन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५. मोर्चामा आवद्ध राजनीतिक पार्टी/दल/संगठनहरु मोर्चामा समान हैसियतमा रही कार्य गर्नेछन्।

## कोषद्वारा पाँच विधामा पुरस्कार घोषणा

जनकपुरधाम। मैथिली भाषा, साहित्य, संस्कृति र कलाको क्षेत्रमा विशिष्ट योगदान दिएका संस्था र व्यक्तिलाई वार्षिक रुपमा विद्यापति पुरस्कार कोषले प्रदान गर्दै आएको पाँच विधाको पुरस्कार दिने घोषणा गरेको छ।

यस पटक २०८० तथा २०८१ को पुरस्कार विभिन्न व्यक्तित्व एवं संस्थालाई प्रदान गर्ने घोषणा गरेको कोषका अध्यक्ष रामबाबु चौधरी र सदस्य सचिव ध्रुव कुमार मण्डल अमातले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख रहेको छ।

कोषले वर्षेनी रुपमा प्रदान गर्दै आएको २ लाख धन राशिको नेपाल विद्यापति भाषा साहित्य पुरस्कार २०८० वाट मैथिली विकास कोष जनकपुरधाम र २०८१ को पुरस्कार प्राध्यापक भोलानाथ झालाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारको रकम सहित सम्मानपत्र रहेको छ।

यसै गरि १ लाख धन राशिको नेपाल विद्यापति भाषा संस्कृति पुरस्कार २०८० वाट राम कुमार मण्डल र २०८१ वाट दिपा मिथिला आर्ट ग्यालरीलाई प्रदान गरिने भएको छ। कोषले प्रदान गर्दै आएको १ लाखको नेपाल विद्यापति अनुसन्धान पुरस्कार २०८० वाट विनोद कुमार यादव र २०८१ वाट माला कुमारी कर्णलाई प्रदान गर्ने भएको छ।

यसै गरि १ लाखकै नेपाल विद्यापति पाण्डुलिपि पुरस्कार २०८० वाट साहित्यकार उपप्राध्यापक श्याम सुन्दर शशी र २०८१ वाट शतकवि काशीकान्त झालाई प्रदान गर्ने भएको छ। कोषले १ लाख धन राशिकै नेपाल विद्यापति अनुवाद पुरस्कार २०८० वाट विद्याधर झा र २०८१ वाट पत्रकार एवं साहित्यकार श्यामसुन्दर यादवलाई सम्मानित गर्ने निर्णय गरेको छ।

सबै जनालाई नेपाल विद्यापति पुरस्कार चयन समिति तथा कोषका सञ्चालक परिषद्को विभिन्न मितिमा गरेको निर्णय अनुसार चयन गरेर पुरस्कृत गरिने भएको विद्यापति पुरस्कार कोषले जनाएको छ।


## 'मधेशको लागि वन' केन्द्रीय समिति गठन

काठमाडौं। 'मधेशको लागि वन'को केन्द्रीय समिति गठन गरिएको छ। मधेशको लागि वनका संरक्षक विनोद कुमार सिंहको अध्यक्षतामा गत चैत ७ गते सम्पन्न भएको भेलाले सुरेश प्रसाद शर्माको नेतृत्वमा १७ सदस्यीय केन्द्रीय समिति गठन गरेको हो। मधेशको लागि वनको उपाध्यक्षत्रय जवाहर लाल प्रसाद कुर्मी, कमलदेव चौधरी र रामाशंकर प्रसाद यादव, महासचिव सुजिता कुमारी राउत, सचिवद्वय राकेश रञ्जन दास र श्वेता झा, कोषाध्यक्ष पुष्पा कुमारी मिश्रा र सहकोषाध्यक्ष रेणु साह चयन भएका छन्।

यसैगरी, सदस्यहरुमा सुनिल कुमार सिंह, विजयकान्त झा, शिवनारायण मण्डल, हिरालाल जयसवाल, सत्यनारायण यादव, राम अशिष शर्मा, निरज साह र शालिनी साह रहेका छन्। त्यसैगरी, रामस्वार्थ साह, हरिनारायण मण्डल र अमरदेव प्रसाद यादवलाई सल्लाहकारमा चयन गरेको मधेशको लागि वनका संरक्षक सिंहले जनाएका हुन्।

## जनमत र नाउपा एकीकरण अन्तिम चरणमा

काठमाडौं। डा.सीके राउत नेतृत्वको जनमत पार्टी र रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबीच पार्टी एकीकरण करिब अन्तिम चरणमा पुगेको छ। एकता प्रक्रियालाई टुङ्ग्याउन दुवै पक्षका नेताहरू पछिल्ला दिनमा सघन छलफलमा छन्। दुवै पार्टीलाई एकीकरण गरेर राष्ट्रिय मुद्दा र जनसवाललाई सशक्त रूपमा उठाउने गरी एकताका लागि पहल गरिएको नेताहरू बताउँछन्। दुवै पार्टीले एकीकरणका लागि गठन गरेका कार्यदलले विभिन्न चरणमा बैठक बसी सहमतिको विन्दु पहिल्याउन कसरत गरिरहेका छन्। कार्यदल र शीर्ष नेतृत्वतहमा चरणबद्ध छलफल भइरहेको नेताहरूले बताएका छन्।






एकीकरणलाई अन्तिम रुप दिन आन्तरिक र बहुपक्षीय छलफल तीव्र रूपमा भइरहेको र आगामी वैशाख १५ भित्रै पार्टी एकीकरणको घोषणा गर्नेगरी संवाद भइरहेको जनमतका प्रवक्ता डा.शरदसिंह यादवले जनाएका छन्। उनका अनुसार बैशाखको पहिलो सातामा आ-आफ्नो केन्द्रीय समितिबाट एकीकृत विधान पारित गरिने र दोस्रो साता पार्टी एकीकरणको घोषणा गरिनेछ। पार्टी एकीकरणका लागि दुई महिनायता नेताहरूले कसरत गरिरहेका छन्। दुवै दलले कार्यदल गठन गरेपछि यो प्रक्रियाले तीव्रता पाएको छ।

उनले भने, "केही कुरा मोटामोटी सहमति पनि भइसकेको छ, उदाहरणका रूपमा पार्टीको नाम, नेतृत्व र पदाधिकारीको विषयमा करिब सहमति बनिसकेको छ। बाँकी विषयलाई कार्यदलको तहबाट चाँडै टुङ्ग्याएर पार्टी एकीकरणलाई पूर्णता दिइनेछ।" प्रारम्भिक समझदारीअनुसार पार्टीको नाम, पार्टीको झण्डा, पार्टीको नेतृत्वमा पनि करिब सहमति बनिसकेको जनाइएको छ। एकीकरणपछि बन्ने पार्टीको अध्यक्षमा हालको जनमत पार्टीका अध्यक्ष सिके राउत र सहअध्यक्षमा नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ रहने नेताहरूले दाबी गर्छन्।

विसं २०७५ मा सिके राउतको नेतृत्वमा जनमत पार्टी र विसं २०७८ पुस १९ गते नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो। जनमत र नाउपाले २०७९ को प्रतिनिधिसभा र प्रदेशसभामा पहिलोपटक भाग लिएका थिए। हाल संसद्मा जनमतका छ र नागरिक उन्मुक्ति पार्टीका चार सांसद रहेका छन्।

## लोकतन्त्र र संसदीय सर्वोच्चता हराएको छ : प्रभु साह

काठमाडौं। आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले अहिले नेपालमा व्यवहारमा लोकतन्त्र नभएर दलतन्त्र हाबी भएको टिप्पणी गरेका छन्। अहिले लोकतन्त्र र संसदीय सर्वोच्चता हराएको उनको टिप्पणी छ। आइतबार रिपोर्टर्स क्लब नेपालको २७औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो बताएका हुन्।

उनले भने, 'हिजो हामी लोकतन्त्रको लागि जसरी लड्यौं, अहिले लोकतन्त्र छ? जनताको सर्वोच्चता यसैलाई भन्छौं? नेपालमा निर्वाचित संस्थाको सर्वोच्चता छ? निर्वाचित संस्था माथि नै छ त? म भन्छु-अहिले पार्टीको हैकम छ। देश पार्टीले चलाएको छ। त्यसमा पनि पार्टीभित्रको गुटले। सांसद भनेको पार्टीको कारिन्दा मात्र हो। अहिले लोकतन्त्रको मजाक बनाईयो। हिजो लडेर ल्याईएको परिवर्तन र बदालव उल्टाईयो, लोकतन्त्रको ठाउँमा दललतन्त्र बनाईयो। राष्ट्रियताको लागि लडेका थियौं, विदेशीलाई नागकिरता दिने नाँगै राष्ट्रघात भयो। संघीयताको नाममा ७६१ को दुनियाँमा नभएको तीन तहको सरकार बनाईयो। अल्पसंख्यकको लागि लडिएको थियो, अहिले शासकलाई पोसियो। समानताको सट्टा विशेषाधिकार ल्याईयो। प्रतिष्पर्धाको लागि लडेका थियौं, सिण्डिकेट बनाईयो।'

उनले नेताहरुको शासनलाई गणतन्त्र भनेर भ्रम बनाईएको भन्दै आलोचना गरे। उनले भने, 'जनता देशको मालिक भएका छैनन्। कांग्रेस र एमालेले निर्वाचनको प्रतिबद्धता उल्लंघन गरेका छन्। कुन कानूनले कांग्रेस र एमालेको सरकार बनाउनुभयो? तपाईंहरुलाई कानून लाग्दैन? दुनियाँमा नभएको जात्रा नेपालमा भैरहेको छ, सबैलाई थाहा छ अहिलेको क्याविनेट सिस्टममा प्रधानमन्त्री भनेको अल नि वान हो, तर प्रधानमन्त्रीमाथि अख्तियार लाग्दैन्।'



उनले हिजो राजाको पालामा समेत सभा तथा सम्मेलन गर्ने ठाउँहरु छुट्याईएको भएपनि अहिले जनताले सभा गर्ने थलो नभएकोमा आक्रोश पोखे। उनले भने, 'केपी ओली सभा गर्नुपर्यो भने एउटा सडकमा गर्नुहुन्छ, प्रचण्डजीले गर्नुपरे अर्को सडकमा गर्नुहुन्छ, तर जनताले कहाँ सभा गर्ने?' उनले कांग्रेस र एमाले दुवै दलमा ओरिजनल नेताको भ्यालु नभएको र खाली पहुँच भएकाहरुको मात्रै बोलवाला रहेको टिप्पणी गरे।

## सम्पादकीय

# संघीय लोकतान्त्रिक मोर्चाको चुनौति

तराई-मधेशकेन्द्रित सात राजनीतिक दलहरुले घोषणा गरेको संघीय लोकतान्त्रिक मोर्चाप्रति खासगरी आम जनसमुदायमा हर्ष न विष्मात्को अवस्था देखिएको छ । तराई-मधेश आश्रित मुख्य सात दलहरु एक ठाउँमा मोर्चाबन्दी वा गोलबन्द हुनु निश्चितरुपमा उत्साहपूर्ण कुरा हो तर किन आम जनमानसमा विश्वास जगाउन सकेको छैन । यसका कारण हो, ती दलहरुको विगतका क्रियाकलाप । विगतमा मधेशकेन्द्रित ६ राजनीतिक दलहरुले राजपा बनाएका थिए । सो पार्टीको निर्माणले मधेशमा एउटा नयाँ सञ्चार प्रवाह भएको थियो । पछि जसपा निर्माण भयो त्यसले थप उत्साह थपिदियो । तर पछि फेरि छिन्न-भिन्न भई मधेशमा निराशा उत्पन्न गराइदियो । राजनीतिको नाममा नेताहरूले गर्दै आएका चलखेलका कारण देशभरि भ्रष्टाचार, जातिवाद, अतिवाद र वंशवादजस्ता कुपक्षहरूले संस्थागत रूप लिएको छ । राज्यका अंगहरूमा कार्यकर्ता भर्ती गर्ने परम्पराले एकातर्फ क्षमतावानलाई पीडा दिएका छन् भने अर्कोतर्फ अंगहरू नै निष्प्रभावी हुँदै गएको छ ।

वि.सं. २००४ सालदेखि थालिएको दलीय अभ्यासले देश र दललाई बलियो बनाउन सकेन । आफू, वंश, जात, समुदाय, गुट र आकालाई व्यवस्थापन गर्दागर्दै समय खेर गयो । कार्यपालिका, न्यायपालिका र पत्रकारिता जस्ता संवेदनशील र महत्वपूर्ण अंगहरूमा दलीय अन्धभक्त (कार्यकर्ता) हरूको वर्चश्व बनाउन खोज्दा राज्य कमजोर भयो । व्यवस्थामाथि आस्था कमजोर भयो । नेतामाथि विश्वास गुम्यो ।

राज्यका अंगहरू माथि भरोसा जनताको रहेन । सिंगो देशका अधिकतम् संरचनाहरू जनताकै विरूद्ध प्रयोग हुन थाले । बाँच्न वा परिवार पाल्न विदेशिनु पर्ने बाध्यता कायमै छ । आफ्नो प्यारो मातृभूमि, परिवारलाई छाडेर करिब ४० लाख युवाहरू विदेशिएका छन् । तिनले रगत पसिना बगाएर कमाएका पैसाबाट पठाएको रेमिटेन्सको प्रयोग नेता पाल्नमै गइरहेको छ ।

वडादेखि राष्ट्रपतिसम्म बनाइएको राजनीतिक संरचना, तलब, अन्य बजेट र राज्यको अन्य पक्षको संलग्नताले थपेको व्यभारबारे चर्चासमेत गरिन्न । देशमा गणतन्त्रको आडमा नेता पाल्ने र कर उठाउने एउटा प्रणालीको निरन्तरता मात्रै रहेको बुझिन्छ । जनतालाई थप कर, थप झन्झट, थप पीडा, थप सकस रहेको छ । जन्म, विवाह र मृत्युलगायतका विषयमासमेत कर तिर्नुपर्ने । आफ्नै देशभित्र एक ठाउँबाट अर्को ठाउँ बसोबास सर्दा कर तिर्नुपर्ने, बाँच्नका लागि चाहिने न्यूनत्म, अपरिहार्य आवश्यकताहरूमध्ये आवास, टेलिफोन, बिजुली, पानीलगायतका सुविधा पाउन राज्यसँग फरक खालका संघर्ष गर्नुपर्ने र सोवापत पनि कर तिर्नुपर्ने ।

जनतालाई विभिन्न शीर्षकमा कर थोपारेर नेता र उनका असेपासे मात्र पालिनुपर्ने अवस्था कायम रहेको छ । देश र जनतालाई दोहन गरी क्लेप्टोक्रेसी सञ्चालन गरी जनतालाई डेमोक्रेसीको भ्रम छर्ने नेताहरूलाई दण्डित नगरी वा डर निर्माण नगरून्जेल देशले सकारात्मक गति लिन सक्दैन । शिक्षा, स्वास्थ्य र न्याय किन्नुपर्ने ।

अनावश्यक र अराजक प्रवृतिका बीच बाँच्नुपर्ने । स्वतन्त्रताका नाममा राजनीतिक अराजकताको शिकार भइराख्नुपर्ने । व्यवस्था परिवर्तनको नाममा धन, धर्म र विश्वास गुमाउनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य नहुने हो भने अब व्यवस्था मात्रै होइन नेताहरूसमेत संकटमा पर्न सक्छन् । दलभित्र वा जनतामाझ गरेका वाचा पूरा नगरेका कारण अलोकप्रिय हुँदै गएका नेतृत्व पंक्ति नेतृत्व हस्तान्तरणको पक्षमा नहुनु ती दलका निमित्त दुर्भाग्यका विषय हो । अहिलेको मोर्चाबन्दी किन र केका लागि भन्ने प्रष्ट देखिँदैन ।

# गणतन्त्रमाथि जनताको अविश्वास किन बढ्दै ?

**हाम्रा नेताहरु सत्तामा जाने बित्तिकै सुखभोगी भइहाले । हाम्रा नेताले चुनाव जितेपछि ठूल-ठूला गाडि र ठूला-ठूला सुख सुबिधा भोगेको कुरा अब जनताले पचाउन सकिरहेका छैनन् । जनताले हेरिरहेका छन्, कसरी हाम्रै मत लिएर चुनाव जितेका नेताहरु हाम्रो जीवन उकास्ने कुनै कार्य नगरी आफ्नै सुख सुविधमा रमाइरहेका छन् ।**



**पशुपतिनाथ झा मधेशी**

साँच्चै भन्नुपर्दा २०८१ साल चैत्र १५ गते भएको राजावादी आन्दोलमा देखिएको दुर्घटना कसरी निम्तियो भन्ने कुरा सबैले सोच्नुपर्ने समय आएकै हो । वास्तवमा राजतन्त्र ल्याउने नाममा कसरी निम्तियो यत्रा जनसभा ? हिंसा, हत्या र लूटपाट त्यसको भित्री कुरा देशका नेतृत्वकर्ताहरुले सोच्ने र आत्मसात गर्ने समय आएकै हो । गणतन्त्र माथि जनतामा अविश्वास बढिरहेको देखियो । नेपालका आम जनताले सोचेको जस्तो गणतन्त्र रहेको छैन अहिलेको गणतान्त्रिक व्यवस्था । हामीलाई स्मरण नै छ, विक्रम सम्बत २०४७ मा राजतन्त्र समाप्त पारेको नेपालकै जनताले हो । त्यसपछि विक्रम सम्बत २०६२-६३ को जनआन्दोलन पनि नेपालकै जनताहरुले गरेका हुन् । यो गणतन्त्र नेपालको जनताले नै ल्याएको व्यवस्था हो । जनताकै भरमा गणतान्त्रिक व्यवस्था स्थापित भयो । अब यही जनतामध्ये धेरैले यो गणतान्त्रिक व्यवस्थामा रमाउन छोडिसके । नेपालको जनताले यो व्यवस्थाबाट धेरै नै आशा र अपेक्षा राखेका थिए । एउटा यस्तो सपना आफ्नो मन मस्तिष्कमा पालेका थिए जो अहिलेसम्म पूरा हुन सकेन । त्यो सपना थियो विकासको, सुशासनको, रोजगारको, समृद्धिको, शिक्षा र सम्मानको । तर नेपालका आम जनताले देखेका त्यो सपना, सपना नै रह्यो । केही बुँदागत रुपमा बुझ्ने प्रयास गरौं, आखिर के भयो त गएको विगत २० वर्षको गणतान्त्रिक व्यवस्थामा ?

**१. गणतन्त्रको आडमा नेतातन्त्रको वर्चश्व कायमः**
हाम्रो देशमा गणतन्त्रको स्थापना त भयो तर यो व्यवस्थामा आम जनताको पहुँच भएन । आम जनताले भोट दिन पाए तर भोट दिइसकेपछि निर्वाचित नेता नै सर्वोच्च हुन पुगे । भोट लिनसम्म मात्रै नेताहरु जनतामाझ पुगे त्यसपछि जनताले जे गरे नि नेतासम्म पहुँच बनाउन सकेन । नेपालको जनता पुरानो नबुझ्फेको जनता रहेन, अब जनता बुझ्ने भइसके । जनता बुझिसकेका छन्, यो व्यवस्थाले पनि हाम्रो जीवनलाई उकास्न सकेन । वडादेखि संघसम्म जनताको कुनै काम परेमा नेताको शरणमा जानै पऱ्यो । जाबो एउटा वडामा काम परेको बेला जनताले सजिलैसँग कुनै काम गराउन सक्दैन भन्ने प्रदेश र संघको त कुरै नगरौं । तथाकथित नेता कहाँ दौडधुप लगाउनै पऱ्यो भनेर जनता खिन्न भए । यस्ता अनेकौं व्यथासँग व्यथित भएर नेपालको आम जनताले अहिलेको व्यस्थाको विकल्प खोजेको जस्तो भान हुनु स्वभाविकै हो ।

**२. गणतन्त्रका आडमा सत्ता सुखभोगी भए हाम्रा नेताहरुः**
हाम्रा नेताहरु सत्तामा जाने बित्तिकै सुखभोगी भइहाले । हाम्रा नेताले चुनाव जितेपछि ठूल-ठूला गाडि र ठूला-ठूला सुख सुबिधा भोगेको कुरा अब जनताले पचाउन सकिरहेका छैनन् । जनताले हेरिरहेका छन्, कसरी हाम्रै मत लिएर चुनाव जितेका नेताहरु हाम्रो जीवन उकास्ने कुनै कार्य नगरी आफ्नै सुख सुविधमा रमाइरहेका छन् । महँगो घडी, महँगा घर, महँगो सुत्ने पलंग, महँगा खानेकुरा, महँगा लुगाफाटा सबै नेताकै लागि हो भन्ने कुराले जनताको चित दुखाइसकेको छ । राजस्व तिर्ने देशका गरीब आम जनता र त्यो राजश्वले रमाउने देशका नेता अब जनताले चाहेका होइनन् । यस्ता सुखभोगी नेताहरुलाई देश सुम्पेको भन्दा अर्को व्यवस्थामै जाऔं भने राष्ट्रका जनता विकल्पतिर मोडिएका हुन् ।

**३. गणतन्त्रको आडमा नेताहरुले पाएको अत्यधितक शक्तिः**
अहिलेको गणतन्त्रमा नेता सर्वशक्तिमान भएछन् । यिनीहरुलाई जे गर्न पनि छूट छ । कानून व्यवस्था सबै गरीव र असहाय जनताहरुका लागि मात्रै हो । नेपालको आम जनताले सबैलाई एकैनाशको कानून लागोस् भन्ने सोचिरहेका छन् । नेपालको जनताले न्याय पाउन अदालत गए त्यहाँ यस्ता व्यवस्था छ कि उनले न्याय पाउन आफ्ना घर घडेरी समेत बेचेर पनि न्याय पाउन सकिरहेका छैनन् । प्रहरी प्रसाशन जहाँ पनि नेपालको आम जनताले आफ्नो काम गराउन र न्याय पाउन नसकेको कुराले पनि आम जनताको मनमा यो व्यवस्था प्रति खिन्नताको बोध भएको छ । केन्द्रमा रहेका माननीय, मन्त्री र अरूका कुरै छोडौं स्थानीय तहका वडा सदस्यहरुसम्म पनि आम जनताको पहुँच हुन नसकेको कारणले गर्दा पनि आम जनताले अर्को व्यवस्थातर्फ फर्केर हेर्न बाध्य भएका छन् ।

**४. गणतन्त्रको आडमा विकास कार्यको नाममा भइरहेको लूटतन्त्रः**
अचेल नेपालमा विकासको नाममा नेताहरूको मनपरीले गर्दा पनि नेपालका जनता निरास भएका छन् । नेताहरुले आफ्ना कमिसनको आडमा विकास निर्माण कार्य चलाइरहेका छन् । जनताको आवश्यकता नबूझि जहाँ बढी चलखेल हुनेबाला छ, त्यहीं विकासको योजना चलाइरहेको कुरा देशका जनताहरु बुझिसकेका छन् । मन्त्रालयदेखि वडासम्म यी खेलाहरु हेर्दाहेर्दै जनताहरु चिन्तित भएका छन् । किसानका लागि सुविधाको विकास नभएर, रोजगारका लागि उचित कलकारख़ानाको निर्माण नभएर, शिक्षाको क्षेत्रमा सुधार नभएर, ठूलठूला टाबरको नाममा देश लुटिएको कुरा जनताको मन मस्तिष्कमा खेलिरहेका छन् । जनताले के गरोस् त व्यवस्था परिवर्तनभन्दा अर्को विकल्प के त ?

**५. गणतन्त्रको आडमा सिद्धिन लागेको देश र देशको आम जनताः**
गणतन्त्र पछि रोजगार पाउन देशका जनता खाडी मुलुकमा रगत र पसीना बगाइरहेका छन् । गतिलो शिक्षा पाउन देशका विद्यार्थीहरु विदेश पलायन गरिरहेका छन् । देशका किसानले मल र बिउका लागि भौतारिरहेका छन् । हाम्रो प्यारो राष्ट्रले आफ्नो खर्च बेहोर्न रेमिटेन्समै निर्भर रहेको छ । नयाँ र निर्यातमुखी उद्योग धन्धाको नाममा शून्यता नै हात लागेको छ । स्वास्थ्य उपचारको नाममा लूटतत्र हेर्न नै परिरहेको छ । के गरोस् त देशका जनताले ? जे सोच्यो त्यो पाएन । जनताको सपना सपनै रह्यो । जनताले राणा फाले, पञ्चायतीतन्त्र फाले, अब गणतन्त्र पनि फाल्ने सपना देख्न थाले । वास्तवमा सर्वोच्च त जनता नै हो । जनताले जुन दिन कमर कसेर व्यवस्था फाल्ने निश्चय गर्ला त्यो दिन कसले रोक्न सक्ला । यी कुराहरु राष्ट्रका अगुवाहरुले राम्ररी मनन् गरे राष्ट्र ठूलो दुर्घटनामा पर्नुअघि नै जोगाउनुपऱ्यो । नत्र अनर्थ हुनबाट कसले रोकला ? हेरौ समयले के लेखेको रैछ नेपालको भाग्यमा....!

# पत्रकार रजकको हत्याको दोषीलाई कार्यवाहीको माग गर्दै प्रदर्शन



राकेश यादव, रौतहट । आन्दोलनको क्रममा हत्या गरिएका सन्चारकर्मी सुरेश रजकको घटनामा संलग्न भएकाहरुको छानबिन गरी कार्यवाही गर्नु पर्ने माग राख्दै शनिबार श्रमजिबी पत्रकार संघ नेपाल रौतहट शाखाले विरोध प्रदर्शन गरेका छन् । काठमाडौंको तिनकुनेमा समाचार संकलन गर्न गएका पत्रकार रजकलाई आगो लगाएर गरिएको हत्याको विरुद्ध श्रमजिबी पत्रकार संघ नेपालमा आवद्ध सन्चारकर्मीहरुले विरोध प्रदर्शन गरेका हुन् । शुक्रबार गणतन्त्रवादी मोर्चा र राजावादीले गरेको प्रदर्शनको क्रममा तिनकुनेमा गरिएको भवनमा आगजनीको क्रममा पत्रकार रजकको जलेर मृत्यु भएको घटनाको दोषी माथि कार्यवाही गर्न नेपाल सरकारमाथि दबाब सिर्जना गर्ने उद्देश्यले प्रदर्शन गरिएको श्रमजिबी पत्रकार संघ नेपालका अध्यक्ष सन्तोष पौडेलले जनाएको छ । नेपालमा भएको आन्दोलनमा भूमिका निर्वाह गर्ने पत्रकारमाथि गरिएको जघन्य आक्रमणले सम्पूर्ण नेपाली पत्रकार जगत नै स्तब्ध भएको बताउदै ज्यान जोगाउनु पर्ने प्रशास्त समय हुदा हुदै पनि सुरक्षकर्मीहरुले देखाएको उदासीनताले प्रश्न चिन्ह खडा गरेको टिप्पणी गरे ।

नेपाल पत्रकार महासंघ रौतहटको पूर्वअध्यक्ष एवम् श्रमजिबी पत्रकार संघ नेपालका सल्लाहकार रविन्द्र प्रसाद साहले लोकतन्त्र गणतन्त्रको स्थापनाको लागि अहम् योगदान पुर्याउने सन्चारकर्मी माथि आक्रमण हुनु निन्दनीय भएको बताए । समाचार रिपोटिंगको क्रममा आगो लगाई जिउँदै जलाइएको घटना दुखद रहेकोले निष्पक्ष रुपमा छानबिन गरी दोषी पत्ता लगाई कार्यवाही गर्न नेपाल सरकारसँग माग समेत गरे ।

विरोध कार्यक्रममा उपाध्यक्ष राकेश कुमार यादवले पत्रकार रजकको हत्याको मुख्य दोषी त्यहाँ सुरक्षाका लागि खटिएका प्रहरी नै जिम्मेवार रहेको आरोप लगाए । भवनमा आगो लागेको र त्यहाँ पत्रकार फसेको प्रहरीको उच्च अधिकारीलाई जानकारी गराउँदा पनि कुनै किसिमको प्रतिक्रिया नदेखाएकोले प्रहरी नै जिम्मेवार भएको उनको भनाई रहेको छ । घटनाको छानबिन गरी दोषीलाई छिटोभन्दा छिटो कानुनी दायरामा ल्याई कार्यवाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे । विरोध कार्यक्रममा सहभागी भएका पत्रकारहरुले गृहमन्त्रीको राजीनामा, दोषी माथि कार्यवाही गर, पिडितलाइ न्याय देउ, घटनाको सत्य तथ्य छानबिन गर जस्ता नारा लगाएका थिए । त्यसैगरी मरिएका पत्रकार सुरेश रजकको चिर शान्तिको कामना गर्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले श्रदान्जली सभाको आयोजना गरी दीप प्रज्वलन समेत गरेका थिए ।

# उत्पीडित जनताका लागि हामीले वैकल्पिक सशक्त महागठबन्धन निर्माणमा लागेका छौं



## मो.रिजवान अन्सारी
## अध्यक्ष, नेपाल संघीय समाजवादी पार्टी

> **हाम्रो मोर्चाको अवधारणा नै हो कि उत्पीडित जनताको राजनीतिक दल मात्रै होइन कि राजनीतिक शक्ति निर्माण गर्ने। त्यस्तो शक्ति जसले राज्यलाई घुँडा टेकाउन शक्तिको आर्जन गरोस्। उत्पीडित जनताको मागलाई सम्बोधन गराउन राज्यलाई बाध्य पारोस्। त्यो मोर्चा र हाम्रो मोर्चाबीच भोलिको दिनमा सहकार्य हुन सक्छ।**

**० तराई-मधेशकेन्द्रित सात राजनीतिक दलले संघीय लोकतान्त्रिक मोर्चा घोषणा गरेका छन्, यसलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– नेपालको उत्पीडित जनताका राजनीतिक शक्तिहरु एक ठाउँमा अउनु राम्रो कुरा हो । उत्पीडित जनताका राजनीतिक शक्तिहरुबीच आपसी मेलमिलाप नभएकै कारण हाम्रा मागहरु पूरा गराउन सकेनौं । हामी राजनीतिकरुपमा एक जुट नहुँदा मागहरु पूरा भएन । जब-जब चुनाव नजिक आउँछ, तब-तब यी कथित मधेशवादी दलहरु जनतालाई भुक्याउन एकजुट हुने गर्छन् ।

**० अहिले चुनाव आइसकेको छैन नि ?**

– चुनाव आउनै लागेको छ । सबै दलहरुले आगामी चुनावको तयारी सुरु गरिसकेका छन् । मधेशकेन्द्रित सात राजनीतिक दलको मोर्चालाई मैले चुनावको तयारीको रुपमा हेरिरहेको छ । उनीहरुले चुनाव आउन अब दुई वर्ष बाँकी छ, फेरि एकजुट होऔं, चुनावी परिणाम ल्याऔं र त्यसपछि फेरि फुटौं भन्ने मात्र उद्देश्य देखिन्छ । जुन विगतमा पनि देखिएको छ । जब आन्दोलन गर्नुपर्‍यो, चुनावमा भाग लिनुपर्‍यो त्यतिबेला एकजुट हुने । तर जब निर्वाचन आएको परिणामलाई उत्पीडित जनताको अधिकार दिलाउने पक्षमा निर्णायक ठाउँमा पुग्छन्, त्यतिबेला आफ्नो स्वार्थका लागि यिनीहरु फुट्छन् । जुट्नु राम्रो कुरा हो, तर केका लागि जुट्छन्, मधेश र देशका जनताले बुझ्नुपर्ने आवश्यकता हो । निश्चितरुपमा सिंगो नेपालका उत्पीडित जनताहरु एक ठाउँमा आउनुपर्छ, सबैलाई समेट्नुपर्छ । अहिले पनि घोषणा भएको मोर्चाको अनुहार हेर्नुस्, यिनी संकीर्णताबाट माथि कहिल्यै उठ्न सकेनन् । यिनीहरुको मोर्चामा दलित, मुस्लिम, पिछडावर्गको नेतृत्व छैन । यिनीहरु आफूलाई जहिले पनि संकीर्ण राखे, जसकारण नेपालका सिंगो उत्पीडित जनताले जहिले पनि घाटा बेहोर्नुपर्‍यो । कथित मधेशवादी वास्तवमा संकीर्ण हुन् । अहिलेको आवश्यकता के हो भने बृहतरुपमा देशमा रहेका सम्पूर्ण उत्पीडित शक्तिलाई एक ठाउँमा जम्मा गर्ने र त्यसपछि अधिकारका लागि राज्यसँग संघर्ष गर्ने, निर्वाचनमा पनि जाने । अनि मात्रै संसदमा पनि उत्पीडित जनताको सही प्रतिनिधित्व हुन्छ ।

**० यो मोर्चामा तपाईँहरु किन अटाउन सक्नुभएन ?**

– हामीलाई थाहा छैन । सुरुमा हामीसँग कुराकानी भएको थियो । मोर्चाको जब रुपरेखा बन्ने तयारी भइरहेको थियो, संयोजनकर्ताहरुले मसँग सम्पर्क गर्नुभएको थियो । मैले उहाँहरुलाई सोधेको थिएँ कि मोर्चा केको लागि ? शक्ति निर्माण गर्नका लागि हो कि सत्तामा पुग्नका लागि मात्रै हो भने हाम्रो सहभागिता हुँदैन । यदि मुद्दालाई विसर्जन गरेर सरकारमा जाने तयारी छ भने त्यसमा हाम्रो सहभागिता हुँदैन भनेर मैले भनेको थिएँ । मैले पहिला नै भनेको थिएँ कि यी शक्ति मुद्दा विसर्जन र सत्ता समर्पणवादी शक्ति हो । त्यसपछि उहाँहरुले मसँग सम्पर्क गर्नुभएन । यता, हाम्रो पनि उत्पीडित जनताहरुको एउटा सशक्त वैकल्पिक मोर्चाको तयारी भइरहेको छ । हाम्रो धारणा के हो भने राजनीतिक दल र उत्पीडित जनताहरुको संगठित शक्तिहरु, नागरिक समाज सबैलाई मिलाएर महागठबन्धनको निर्माण गर्न गइरहेका छौं । हामी सर्लाहीमा बैठक बस्यौं, ढल्केवरमा बस्यौं । अब हामीले आगामी २३ गते जनकपुरधाममा अन्तरक्रिया गर्न गइरहेका छौं । 'संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ उत्पीडित जनताको भूमिका' विषयक विचार गोष्ठी गर्दैछौं । त्यसमा नागरिक समाज, हाम्रो गठबन्धनका दलहरु एक ठाउँमा जम्मा हुँदैछौं । त्यहाँबाट बृहत सरसल्लाह गरेर मोर्चालाई नयाँ रुप दिने । राजनीतिक दलले मात्र होइन, सरोकारवाला समूहहरुसँग अन्तरक्रिया गरेर हामीले मोर्चाका एजेण्डा तय गर्छौं । मुद्दा विसर्जनवादीहरु छोडिसकेका मुद्दाहरुलाई हामी अगाडि बढाउँछौं । यिनीहरुको अकर्मण्यताका कारण २२ जिल्लाको मधेश आज आठ जिल्लामा सीमित भएको छ । त्यो आठ जिल्लाको मधेश प्रदेशमा पनि यिनीहरुको शासन छैन । यिनीहरुको नाम मात्रको सरकार छ, शासन भनेको कांग्रेस-एमालेकै छ । त्यसैले, मधेशी जनताले यिनीहरुलाई बहिष्कार गर्दै आए । यिनीहरु संकीर्ण हुन्, अवसरवादी हुन्, पटक-पटक मधेशका जनतालाई धोका दिए । त्यसकारण यिनीहरुको मोर्चालाई मधेशका जनताले विश्वास गर्ने वातावरण बनेन ।

**० तपाईँहरुको बन्ने मोर्चा र सात दलीय मोर्चाबीच सहकार्य हुन सक्छ कि सक्दैन ?**

– हाम्रो मोर्चाको अवधारणा नै हो कि उत्पीडित जनताको राजनीतिक दल मात्रै होइन कि राजनीतिक शक्ति निर्माण गर्ने । त्यस्तो शक्ति जसले राज्यलाई घुँडा टेकाउन शक्तिको आर्जन गरोस् । उत्पीडित जनताको मागलाई सम्बोधन गराउन राज्यलाई बाध्य पारोस् । त्यो मोर्चा र हाम्रो मोर्चाबीच भोलिको दिनमा सहकार्य हुन सक्छ । यिनीहरु आगामी दिनमा मधेश र देशका उत्पीडित जनतासँग धोका हुन दिँदैनौं, सत्तामा जान हतार गर्दैनौं, मुद्दाको सम्बोधनका लागि अडान लिन्छौं भन्ने कुराहरुमा प्रतिबद्धता आयो भने भोलिका दिनमा मोर्चा-मोर्चाबीच सहकार्य हुने वातावरण बन्न सक्छ ।

**० हालै घोषणा भएको संघीय लोकतान्त्रिक मोर्चाको उद्देश्य स्पष्ट छैन ?**

– यिनीहरुको उद्देश्य स्पष्ट छैन, उत्पीडित जनताका धेरै मुद्दा यिनीहरुले छोडेका पनि छन्, समग्र मधेशलाई हेर्ने दृष्टिकोण पनि स्पष्ट छैन र मूल चरित्र अवसरवादी रहेको शंका छ । यी कुराहरुमा स्पष्टता आयो भने सहकार्यको वातावरण बन्न सक्छ । सत्तामा जानका लागि उत्पीडित जनताको मुद्दालाई भऱ्याङ्गको रुपमा प्रयोगा गर्ने, पार्टी पनि फुटाउने चरित्र देखिँदै आएको छ ।

**० अहिलेको सत्ता गठबन्धन दलहरु कांग्रेस-एमालेले थ्रेसहोल्ड बढाउने कुरा ल्याउँदा यी सात दल डराएर मोर्चाबन्दी गरेको हो ?**

– यो पनि एउटा कारण हो । यिनीहरुले प्रतिबद्धता गरेका कुराहरु पूरा गराउँछन् भन्ने विश्वास गुमाइसकेका छन् ।

**० अहिले गणतन्त्रका विरुद्धमा राजावादीहरु आन्दोलनमा उत्रेका छन्, यसलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– पूर्वराजा ज्ञानेन्द्र शाह र अतिवादी शक्तिहरु मिलेर देशमा अराजक स्थिति सिर्जना गर्दै छन् भनेर हाम्रो पार्टीले धेरै पहिला नै भनिसकेको छ । जात-जात, धर्म, क्षेत्रको नाममा लडाउने, चारैतिर अराजक स्थिति सिर्जना गर्ने, अशान्ति फैलाउने, त्यसपछि दलहरु असक्षम भए, व्यवस्था ठिक भएन, राजा आउ देश बचाउ भन्ने नारा लगाउँछन् है भन्ने कुरा हामीले धेरै पहिला भनेका हौं । यस्तो स्थिति आइरहेको थियो, राजनीतिक दलहरुलाई थाहा थियो । सुरुमै यिनीहरुलाई रोक्नुपर्दथ्यो र कडाइका साथ सामना गर्नुपर्दथ्यो । तर सुरुमा यिनीहरुले प्रतिगामी शक्तिहरुलाई वास्ता गरेनन् । जसको परिणाम अहिले देखा परिरहेको छ । नेपाली जनताले राजतन्त्र फालेर जनताको शासनका लागि आन्दोलन गरेको थियो । नेपालको राजनीतिक व्यवस्थालाई ठिक पार्न र नेपाली जनताको अवस्थालाई सुधार्न नेपाली जनताले आन्दोलन गरेको हो । नेपाली जनता र राष्ट्रको साझा शत्रु भनेको नेपालको सामन्ती राजतन्त्र हो । त्यसकारणले हामीले राजतन्त्र फाल्यौं । त्यसपछि नेपालका राजनीतिक दलहरु जुन प्रकार अगाडि बढ्नुपर्ने थियो, त्यो जनताको अपेक्षाअनुसार खासगरेर कांग्रेस, एमाले, माओवादी र कथित मधेशवादी पार्टीहरुले काम गर्न सकेनन् । यो यथार्थ हो । जसकारणले जनतामा निराशा छायो । नेपाली जनताले भ्रष्टाचारबाट पनि मुक्ति पाउन सकेन, सुशासन पनि पाउन सकेन, सही नेतृत्व पनि पाउन सकेन । अर्को कुरो, संविधानअनुसार जनताले समान अधिकार पाउनुपर्थ्यो, त्यो पनि पाउन सकेन । त्यसकारणले जनतामा असन्तोष भयो । यो असन्तोषको फाइदा उठाउने हिसावले प्रतिगामी, अतिवादीहरुले पुरानै राजतन्त्र ठिक थियो भन्ने हिसावले सडकमा आउने प्रयास गरेका हुन् । यो संविधान, गणतन्त्र, लोकतन्त्र, संघीयतामाथि आक्रमण हो । पूर्वराजा ज्ञानेन्द्रले संविधानका सबै सीमाहरु उल्लंघन गरेर जनतालाई उक्साएर अपराध गर्न लगाएका छन् । यसका दोषीहरुलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । पूर्वराजा ज्ञानेन्द्रलाई दिइएका सबै सुविधाहरु खोस्नुपर्छ । किनभने उनले संविधान माथि आक्रमण गरिरहेका छन् । जहाँ पनि जसको विरुद्धमा क्रान्ति हुन्छ, त्यसलाई समाप्त पार्छ र नयाँलाई स्थापित गर्छ । तर नेपालमा पटक-पटक जनतालाई धोका दिने काम कांग्रेस, एमाले र माओवादीले गरे । अहिले पनि जनताले भनिरहेका छन् कि यो अपराधीलाई कारबाही गर । कारबाही गर्न विलम्ब किन ? हाम्रो स्पष्ट धारणा हो कि जबसम्म राजतन्त्रको अवशेष नेपालमा रहिरहन्छ, तबसम्म दीगो शान्तिको स्थापना हुन दिँदैन । यिनीहरु पटक-पटक केही कुरा राखेर नेपालमा अशान्ति मच्चाउने र व्यवस्था माथि प्रहार गर्ने कोशिस गर्छन् । पूर्वराजालाई विभिन्न सुविधा दिएर, सुरक्षा दिएर सत्ताधारीहरुले अहिलेसम्म राखिरहेका छन् ।

**० पूर्वराजालाई कहाँ पठाउनुपर्ने हो त ?**

– पूर्वराजालाई आम नागरिकको रुपमा राख्नुपर्ने हो । यदि उसले कानूनको उल्लंघन गरेको छ, व्यवस्था माथि आक्रमण गरेको छ, संविधानमाथि आक्रमण गरेको छ भने संविधानले तोकेबमोजिम जसरी एउटा सर्वसाधारण जनतालाई कारबाही हुन्छ, त्यस्तो कारबाही उनलाई हुनुपर्‍यो कि परेन ? के उनी संविधानभन्दा माथि हुन् ?

**० यो व्यवस्था संकटमा पर्दै गएको हो ?**

– व्यवस्था भनेको एउटा गाडी हो । त्यो गाडि ठिक हो, लक्ष्यसम्म पुऱ्याउने गाडी हो तर हामीले चुनेको ड्राइभर असक्षम, अयोग्य र बेइमान हुन् । त्यसैले हामीले ड्राइभर पो फेर्ने हो त । गाडी नै जलाइदिने ? त्यो मुर्खता जनताले गर्दैन । व्यवस्था ठिक हो, नेतृत्व असक्षम र बेइमान भो, हामीले नेतृत्व फेर्छौं । लोकतन्त्रको विकल्प के अब हामी वंशको शासनमा जाने ? राजाको छोरा राजा हुन्छ भन्नेमा जाने ? कि जनताद्वारा चुनेको राष्ट्रपति हुन्छ ? जनताको छोरा राजा हुन्छ अब । त्यसकारणले जंगली राज र वंशको शासनमा फर्केर जनता अब जाँदैन । हो, यसमा कमी कमजोरी छ भने हामीले शासकीय स्वरुपलाई परिवर्तन गर्छौं । संसदीय व्यवस्थाभित्र विकृतिहरु देखा पऱ्यो । यसको उपाय के हो भने अब जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्छ । लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र हो । नेपाली जनताको सम्पूर्ण जातजाति, भाषाभषी, क्षेत्रको जनताको प्रतिनिधित्व गराउनका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने । त्यसमा गयौं भने राजनीतिक स्थिरता हुन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भयो भने कसैले खरिद-बिक्री गर्न पाउँदैन । त्यो व्यवस्था हामीलाई चाहियो ।

**० राजसंस्था पुनर्स्थापनाको सम्भावना छैन त ?**

– राजसंस्था पुनर्स्थापना कुनै सम्भावना नेपालमा छैन । नेपाली जनता जंगली राज, वंशको शासन तर्फ कहिल्यै पनि फर्किनेवाला छैन ।

**० तर, जनता राजसंस्थाको पक्षमा सडकमा आउन लागेका छन् नि ?**

– हैन, यो भ्रम हो । अस्ति चैत १५ गतेकै आन्दोलनमा हेर्नुभयो, तिनकुनेमा कति जनता आएका थिए । तिनकुनेको प्रदर्शनमा जनता नआएकै कारणले यिनीहरुले अपराधिक घटना घटाएका हुन् । तिनीहरु त्यो दिन झन् ठूलो घटना घटाउने प्रयासमा थिए । तर प्रहरी प्रशासन र जनता स्वयम्को चेतनाको कारण ठूलो घटना घटाउन सकेनन् ।

**० वर्तमान सरकारको छिमेकी मुलुकहरुसँगको सम्बन्ध कस्तो देख्नुहुन्छ ?**

– यो सरकारले हाम्रा दुवै छिमेकीहरु भारत र चीनसँग समान व्यवहार गरेर अगाडि बढ्नुपर्छ । त्यसमा अलिकति कमीकमजोरी देखिएको छ । सरकारले आफ्नो स्वार्थ, हित र आत्मसम्मानको रक्षा गर्दै दुवै छिमेकीसँग सम्बन्ध बनाउनुपर्छ । अहिले खासगरी भारतसँगको सम्बन्धमा अलिकति चिसिएको अवस्था देखिएको छ, त्यसलाई वार्ता र सम्वादद्वारा विश्वासको वातावरण बनाउनुपर्छ । नेपाल र भारतबीचको सम्बन्धलाई थप बलियो र सुदृढ बनाउनुपर्छ । भारतसँग हाम्रो विशेष किसिमको सम्बन्ध हो ।

# संघीय लोकतान्त्रिक मोर्चाको प्रस्तावना

**प्रस्तावना**

नेपाल एक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र, धर्मनिरपेक्ष, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातीय/राष्ट्रिय एवम् विविधतायुक्त बहुलवादी, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, समानुपातिक समावेशीता, जनताको सार्वभौमिकता तथा नागरिक सर्वोच्चता, नागरिक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार, जातीय/राष्ट्रिय पहिचानको मान्यता, संवैधानिक सर्वोच्चता एवं विधिको शासन तथा स्वतन्त्र न्यायपालिका, समानता, सम्पन्नता, सुशासन, सामाजिक न्याय, लोककल्याणकारी राज्य, समावेशी लोकतन्त्र लगायतका लोकतान्त्रिक मुल्य, मान्यता र आदर्शप्रति दृढ सङ्कल्प गर्दै,

देश र राष्ट्रियहित, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका जनआन्दोलन, सशस्त्र संघर्ष, ऐतिहासिक मधेश जनविद्रोह र आन्दोलन, थरुहट, स्वराज, लिम्बुवानसहित आदिवासी जनजाति आन्दोलन संघर्ष त्याग, बलिदान र उत्सर्गको गौरवपूर्ण ईतिहासलाई स्मरण एवं शहीदहरुप्रति श्रद्धाञ्जली तथा वेपत्ता र पीडित परिवारहरुलाई उच्च सम्मान गर्दै,

सामन्ती, केन्द्रिकृत एकल जातीय/नश्लीय निरङ्कुश एकात्मक शासन प्रणालीले सृजना गरेका जात/जाती, लिङ्ग, वर्ण र वर्ग अर्थात वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक विभेदलगायत सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गरी राजनीतिक स्वतन्त्रता, आर्थिक समानता, सुशासन, सामाजिक न्याय सुनिश्चित गर्न जातीय अथवा सामाजिक समुदायहरुको जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी र सहभागितामूलक विभेदरहीत समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै,

मुलुकमा विद्यमान रहेको राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक समस्या र चुनौतिहरुको सामना गर्न तथा मुलुकको राजनीतिमा यथास्थितिवादी, पश्चगामीका साथै अग्रगामी राजनीतिक प्रवृति र चिन्तनहरु विद्यमान रहेको वर्तमान अवस्थामा देशलाई परिवर्तनकारी अग्रगामी निकाश दिन, विकास र समृद्धिको लक्ष्य हासिल गर्न अधिकारवादी, मुक्तिकामी, प्रगतिशील, लोकतान्त्रिक र समाजवादी शक्तिहरुको एकतावद्ध पहलकदमी आवश्यक छ भन्ने विचारलाई ह्दयङ्गम गर्दै,

मधेशी, आदिवासी जनजाति, थारु, दलित, मुस्लिम, महिला, पिछडावर्ग, अल्पसङ्ख्यकलगायत असमानता, शोषण, उपेक्षा र बहीष्करण तथा विभेदमा परेका/पारिएका, विपन्न वर्ग लगायतका समुदायहरुको पहिचानको मान्यता समानुपातिक समावेशीकरण र सामाजिक न्यायको प्रत्याभूति गराउने सङ्कल्प गर्दै,

जनआन्दोलन, सशस्त्र विद्रोह, मधेश जनविद्रोह, थरुहट, लिम्बुवान, आदिवासी जनजाति, महिला, दलित, पिछडावर्ग, स्वराज लगायत विभिन्न समुदायहरुले गरेका जनक्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संरक्षण, सुदृढ र संस्थागत गर्दै संविधानमा प्राप्त उपलब्धि र अधिकारहरुको रक्षा, कार्यान्वयन गर्दै समय सापेक्ष, संविधान संशोधन, परिमार्जन र विकासका साथै शोषित, उत्पीडित र वहिष्कृत जनताले प्राप्त गर्न बाँकी रहेका अधिकारहरुको प्राप्ति गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा आधारित विभेदरहीत समतामूलक, न्यायपूर्ण व्यवस्था स्थापना गर्ने उद्देश्यले हामी निम्न साझा मुद्दा, लक्ष्य र उद्देश्यहरु प्राप्तिका लागि 'सङ्घीय लोकतान्त्रिक मोर्चा' (Federal Democratic Front) गठन गर्न सहमत भएका छौं ।

**मोर्चाका उद्देश्य तथा राजनीतिक प्रतिवद्धताहरु निम्नबमोजिम रहेका छन् ।**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढकरण गर्ने, सामर्थ्य र पहिचानको आधारमा प्रदेशहरुको सीमाङ्कन, नामाङ्कन तथा सङ्रचना गर्न/गराउनका साथै सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारहरुका बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, राजस्व तथा स्रोत साधनहरु सन्तुलित र न्यायोचित रुपमा बाँडफाँड गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा, सुविधाहरु जनतामा पुर्‍याउन प्रदेशलाई सक्षम बनाई स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्ने ।

२. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाई सङ्घ र प्रदेशबीच स्रोत साधनको न्यायोचित वित्तिय सङ्घीयताको मूल्य र मान्यता अनुरुप बाँडफाँडको नीति निर्माण गरी कार्यान्वयन गराउने ।

३. प्रहरी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी समायोजन गर्ने र यथाशिघ्र सङ्घीय निजामति ऐन निर्माण गरी कर्मचारी समायोजन सम्बन्धी कार्य सम्पन्न गर्ने ।

४. नेपालको संविधान अपूर्ण, अधुरो, विभेदकारी र त्रुटिपूर्ण रहेकोले सबै समुदायले स्वामित्व ग्रहण गर्न सक्ने गरी समय सापेक्ष रुपमा संशोधन एवं परिमार्जन गर्न भरमग्दूर प्रयत्न गर्ने ।

५. मुलुकमा विद्यमान रहेका अनियमित्तता, प्रशासनिक ढिलासुस्ती भ्रष्टाचार, लुटतन्त्र, कमिशनतन्त्र र विचौलियातन्त्र जस्ता विकृति र विसङ्गतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउनका लागि जनजागरण तथा दबावमूलक कार्यक्रमहरु अगाडी बढाउने ।

६. गरिबी, बेरोजगारी, अशिक्षा र सामाजिक-आर्थिक पछ्यौटेपनबाट जनतालाई मुक्ति दिलाउन सबैका लागि गुणस्तरीय शिक्षा, प्राविधिक तालिम, रोजगारीको सृजना गर्नका लागि मुलुकको आर्थिक सङ्कटलाई अन्त्य गर्नु पर्दछ । अर्थतन्त्र सुधारका लागि कृषि, सौर्यउर्जा, उद्योग र वाणिज्य, पर्यटन, जलस्रोत लगायतका क्षेत्रको विकास गर्न आन्तरिक र बाह्य पुँजी र प्रविधि ल्याउन र लगानी गर्न लगानी मैत्री वातावरणको सृजना गरिनु पर्दछ । देशको अर्थ व्यवस्थामा नीतिगत तथा संरचनागत परिवर्तन गरी देशको विकास निर्माण र जनताको जीवनस्तर उकास्न, उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिक वितरणको व्यवस्था गर्ने ।

७. राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपले बहिष्करणमा परेका वा पारिएका मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिम, दलित, महिला, पिछडावर्ग, अल्पसङ्ख्यक समुदाय, विपन्न वर्ग लगायतका सीमान्तकृत समुदायहरुको पहिचानको मान्यता, समानुपातिक समावेशीकरण र सामाजिक न्यायको प्रत्याभूत गराउन कार्य अगाडी बढाउन ।

८. राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा उत्पीडित र उपेक्षित रहेका समुदायहरुबीच सहकार्य गर्ने/गराउने ।

९. विगतमा नेपाल सरकार र आन्दोलनकारी शक्तिहरुबीच गरिएका २२ बूँदे, ८ बूँदे र ११ बुँदे सम्झौताका साथै अन्य राजनीतिक दल/सङ्गठन र सरकारबीच गरिएका सहमतिहरु तत्काल कार्यान्वयन गराउन ।

१०. राज्यसत्ताद्वारा अन्याय, असमानता, शोषण, विभेद, उत्पीडन र बहिष्करणमा पारिएका समुदायहरुद्वारा अधिकार र न्याय प्राप्तिका लागि भइरहेको आन्दोलनहरुप्रति ऐक्यवद्धता जनाउने र आवश्यक कार्य गर्ने ।

११. लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गराउन ।

१२. जनआन्दोलन, मधेश जनविद्रोह र आन्दोलन, थरुहट, लिम्बुवान, मगरात, स्वराज, आदिवासी जनजाति, आन्दोलन लगायतका आन्दोलनहरुको कारण विभिन्न दलका आन्दोलनकारी नेता/कार्यकर्ताहरुमाथि लगाइएका मुद्दाहरुको खारेजी र राजबन्दीहरुको रिहाई गराउन ।

१३. जनताको नागरिक र राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रत्याभूति गराउन ।

१४. आदिवासी जनजाति सम्वन्धी ILO-169 मा उल्लेखित अधिकारहरु प्रत्याभूति गराउन ।

१५. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरु दलीय भागभण्डाको आधारमा नभई योग्यता, क्षमता, योगदान र अनुभवका आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने ।

१६. समानुपातिक निर्वाचन प्रणाली, प्रतिनिधि सभा र राष्ट्रिय सभामा समान जनसङ्ख्यका आधारमा प्रतिनिधित्वको व्यवस्था र स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारभित्र रहने व्यवस्था गराउन । मानवीय विकासको सूचकाङ्क र जनसंख्याको आधारमा विकास, निर्माण र सेवाका लागि बजेट वितरण गरिनु पर्दछ ।

१७. विभिन्न आन्दोलनहरुमा शाहदत् प्राप्त गरेका तर शहीद घोषणा हुँन बाँकी रहेका शहीदहरुलाई शहीद घोषणा गराउन र शहीद परिवार तथा अङ्ग, भङ्ग भएका आन्दोलनकारीहरुलाई भरणपोषणको व्यवस्था गराउन ।

१८. नेपालमा सदियौंदेखि कायम रही आएको जात/जाति, वर्ग, लिङ्ग र वर्ण अर्थात वर्गीय, जातिय, भाषिक, क्षेत्रीय, लैङ्गिक व्यवस्थाजन्य शोषण उत्पीडन, असमानता, बहिष्करण र विभेदहरु अन्त्य गर्न संघर्षरत रहने ।

१९. मानव विकास सूचकाङ्कमा पछाडी परेका तराई/मधेश र कर्णाली लगायतका पीछडीएको क्षेत्र र जनताको विकास र विशेष अवसरको व्यवस्था गर्न ।

२०. चूरे क्षेत्रमा भइरहेको अतिक्रमणका साथै अनियन्त्रित एवं अवैध रुपमा वन फडानी, उत्खनन् गरी गिट्टी, ढुङ्गा र बालुवाको निर्यातले गर्दा तराई क्षेत्र मरुभूमिकरण भइरहेको छ । तराई क्षेत्रलाई मरुभूमिकरण हुनबाट जोगाउन आवश्यक थप कार्यहरु गर्ने ।

२१. किसानहरुको समस्या समाधान गर्न समयमै कृषि सिंचाई, मल-खाद, बीऊ बिजन, किट्नासक औषधी, शीत भण्डार, कृषि बीमा, सहज र सहुलियतमा कृषि ॠणको व्यवस्था, बालीको न्यायोचित समर्थन मूल्यको निर्धारण र कृषि बजारको व्यवस्था गराउन ।

२२. वैज्ञानिक भू-उपयोग नीति लागु गर्दै कृषि क्रान्तिका माध्यमबाट कृषिको औद्यौगीकरण, व्यवसायीकरण र आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजिवि जनताको जीवनस्तर, सुधार, समृद्ध र समुन्नत बनाउने ।

२३. जलवायु परिवर्तन, वातावरणीय प्रदुषण र प्राकृतिक विपद्का कारण उत्पन्न भएका नकारात्मक असरहरुलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने ।

२४. सरकारी कामकाजीको भाषाको रुपमा कायम रहेको एकल भाषीक नीति र व्यवहारलाई अन्त्य गरी बहुभाषिक नीति लागू गरी सबै राष्ट्रिय भाषाहरुलाई सूचिकृत गरी सरकारी कामकाजी भाषाको रुपमा मान्यता दिई समान भाषिक नीति लागु गराउन । मातृभाषाको विकासका लागि विशेष अभियान संचालन गराउन ।

२५. समावेशी लोकतन्त्र र सामाजिक न्यायको हक सुनिश्चिताका लागि संविधानको धारा-४२ को भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी सामाजिक न्यायको प्रत्याभूति गराउन ।

२६. तराई मधेश पूर्वाधार विकास कार्यक्रम लागू गरी विकास निर्माणका कार्यलाई तिव्रता दिने र हुलाकी सडक लगायत राष्ट्रिय गौरबका आयोजनाहरुलाई यथाशिघ्र सम्पन्न गर्ने गरी योजना निर्माण गरी कार्यान्वयन गराउन ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**

महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**

सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**

सप्तरी, मधेश प्रदेश

# ओ राजा..!



## जयप्रकाश प्रसाद गुप्ता

ज्ञानेन्द्र शाह जीले पढ्न नसकेको महात्मा गांधीको एक उद्धरण छ। गांधीले भन्नु भाथ्यो- “अहिंसाको विचार निःशस्त्र व्यक्तिको भन्दा सशस्त्र व्यक्तिको मनमा रहनु जरूरी छ।” अर्थ्याउनु नपर्ला, एक सशस्त्र व्यक्ति बौलायो भने सयौंको ज्यान जान सक्छ। जबकि, एक अहिंसक आन्दोलनकारीले हठ नै गरे भने उ स्वयं मर्छ।

कुनै आन्दोलनका नेताले यदि आन्दोलनमा हिंसक चरित्रका, उच्छृँखल वा गुण्डा तत्वहरूलाई दुरूत्साहन दिन्छ, सहभागी गराउँछ भने निःशंक रूपमा उसले हिंसालाई बढाएको मानिन्छ। यसका विरूद्ध कुनै कुतर्कको स्थान रहदैन, जुन चैत्र १५ गतेका काठमांडूमा ज्ञानेन्द्र शाहले कलाविहीन तवरमा मंचन गरेएका हुन्। यसका कर्ता र पोषक स्वयं यिनी हुन्। दुर्भाग्यवश यिनले अहिलेसम्म यस कुकृत्यको नैतिक जिम्मेवारी लिएका छैनन्।

आन्दोलनकारीले आन्दोलन यदि निर्दिष्ठ उद्देश्यभन्दा विपरीत दिशामा बहकियो भने तेसलाई रोक्ने हैसियत राख्न सक्नु पर्दछ। यसका लागि विभिन्न मुलुकहरूमा भएका आन्दोलनहरूका दृष्टान्त दिइरहनु पर्दैन। जीवनभर जनताको दमन मात्र गर्ने सोचका ज्ञानेन्द्र शाहले शायद आफ्नै मुलुकमा घटित आन्दोलनहरूका हेक्का राखेको भए मैले यसो याद गराउनु पर्दैन्थ्यो।

वि.स. ०७ सालको क्रान्तिमा दिल्ली सम्झौता भयो। बस्तुतः दिल्ली सम्झौता दिल्ली र मोहन शम्सेरका बीच भयो। यसमा क्रान्तिका नायक दल नेपाली काँग्रेसलाई बाहिर राखियो। जुन सम्झौताबाट ज्ञानेन्द्र शाहका बाजे राजा त्रिभुवनको गद्दी जोगियो। स्मरणीय छ- दिल्ली पलायन गरेको त्रिभुवनलाई पदच्यूत गरी मोहन शम्सेरले बालक रहेका यिनै ज्ञानेन्द्रलाई श्रीपेज लगाइदिएर राजा बनाएका थिए। यस सम्झौतालाई अमान्य गर्दै डा. के.आई. सिंहले सशस्त्र विद्रोह गरे। यसको कथा लामो छ। मैले यति मात्र उल्लेख गर्न चाहेको हुँ कि ०७ सालको क्रान्तिमा दिल्ली सम्झौताबाट जे जति उपलब्धिहरू प्राप्त भएको थियो, तेसको महत्वलाई बुझेर बिपी कोईराला र क्रान्तिका नायकहरूले डा. के.आई. सिंहको विद्रोहलाई अनुचित तथा अनावश्यक भन्दै आलोचना मात्र गरेनन्। डा. के.आई. सिंहलाई समेत नियन्त्रणमा लिए। यो सहास र नैतिक दायित्व क्रान्तिका नेताहरूले देखाए।

यसपछि काठमांडूमा भएको एक प्रदर्शनका दौरान पुलिसको गोलीबाट चिनियाँ काजीको हत्या भयो। स्वयं प्रधानमन्त्री मेहन शम्सेर, बबर शम्सेरहरूले न चाहँदा चाहँदै बिपी कोईरालाले क्रान्ति पछिको अन्तरिम सरकारको गृहमन्त्रीको पदबाट राजीनामा दिनु भयो। सारा संसार एक राजनेताको तेस जिम्मेवारी एवं दायित्वलाई हेरी चकित थियो।

यस अघिको पूर्वी नेपालको माझ किरात तथा लिम्बुआनमा भएको विद्रोहको चर्चा यहाँ उतिकै समिचिन हुन्छ। तेस बेलाका बुढापाका जो जीवित छ, याद होला। जसले इतिहासको अध्ययन गरेको छ, संझिएको हुनुपर्छ। यो भनाई दशकौंसम्म चर्चामा रह्यो- “तेरो घरमा काँग्रेस पसोस्।” पछि पंचहरूले सर्वाधिक रूपमा यसलाई बोल्दै काँग्रेसलाई सराप्दै गरे। सात साल ताका अधिकांश जमिन्दार तथा बिर्तवाल, सामन्तिहरू राणालाई साथ दिए। यसमध्येका बहुतायत राजाका भारदारी सभामा थिए। नेपाली काँग्रेसका अधिकांश लडाकाहरू विषेशतः मुक्ति सेनामा राई, लिम्बु जस्ता आदिवासी-जनजातिहरूको बाहुल्यता थियो। सात सालको क्रान्ति सफल भएपछि यी लडाका मुक्ति सैनिकहरू राणाहरूलाई सहयोग गरेका जमिन्दार, बिर्तवाल तथा सामन्तिहरूको विरूद्ध जाई लागे। कोशी पूर्व र पश्चिम, अरूण पूर्व र पश्चिमका माझ किरात तथा लिम्बुआनमा व्यापक लुटपाट मच्चियों। बिपी कोईरालाले मुक्ति सेनाका कमाण्डरहरू जिबी याकथुम्वा तथा नेताहरूका साथ तेस क्षेत्रको पैदल भ्रमण गर्नु भयो। यस्ता गतिविधिहरूलाई तत्काल रोक्न आह्वान गर्नु भयो। यी सब घटनाहरूको नैतिक जिम्मेवारी लिएर तेस बारदातहरूलाई ठाँउका ठाँम रोक्नु भयो।

राजा महेन्द्रले ०१७ सालमा सैनिक कू गरी संसदीय व्यवस्था समाप्त गरेपछि बिपी लगायत असंख्य नेता कार्यकर्ताहरू जेलमा हालिए। नेपाली काँग्रेसका अर्का ठुला नेता सूवर्ण शम्सेर भारतको प्रवासमा रहनु भयो। वि.स. २०१८ सालमा उहाँको नेतृत्वमा राजाका कदमको विरूद्ध सशस्त्र प्रतिरोध शुरू भयो। जनकपुरमा राजा महेन्द्रको जीपमा बम प्रहार गरियो। तनहुँको बन्दिपुरमा भएको आक्रमण, चितौनको आक्रमण चर्चित रहेका छन्। बालकृष्ण समका छोरी ज्वाईलाई राजाले ज्यूदै खाल्डो खनेर पुर्न लगाए। सयौं शहीद पारिए। मारिए कथा लामो छ, भयावह छ। यो निर्णायक बिन्दुमा पुग्नै लाग्दा भारत र चीनका बीच सीमायुद्ध प्रारम्भ भयो। यस्तो अवस्थामा भारतको भुमिबाट नेपालमा सेना एवं सरकारका विरूद्ध सशस्त्र कारबाही हुँदा चीनले नेपालमा प्रवेश गरी भारतका विरूद्ध सैन्य कारबाही गरे नेपाली सार्वभौमसत्तामा आघात पर्न सक्छ भनी सूवर्ण जीले यसलाई स्थगन गराउनु भयो। नेपाली काँग्रेसका लडाकाहरूले यस निर्णयको व्यापक विरोध गरे। कयौं स्थानमा प्रतिविद्रोह भयो। तर, सूवर्ण जीको सुझबुझले रोकियो। नेपाली काँग्रेस भित्र विभाजनको रेखा कोरियो। तर, नेतृत्व बलियो थियो, प्रभावशाली थियो। कसैको चलेन। यसले गर्दा राजाको तानाशाही शासन पछि ३२ वर्षसम्म कायम रहन गयो।

बिपी कोईराला, गणेशमान सिंहहरू लगातार आठ वर्षको जेल जीवन पछि वि.स. २०२६ सालमा रिहा हुनु भयो। पछिल्लो राजनीतिक घटनाक्रमले गर्दा उहाँ भारतमा निर्वासित हुनु भयो र वि.स. २०२९ साल पश्चात बिपीको नेतृत्वमा पंचायति व्यवस्था तथा राजाका विरूद्ध सशस्त्र आन्दोलन प्रारम्भ भयो। यस दौरान अनेकन् बम काण्डहरू भए। प्रत्याक्रमणहरू भए। विमान अपहरण भयो। हरिपुर आक्रमण जस्ता कयौं कारबाहीहरू भयो, यस मध्येका सबैभन्दा चर्चित राजा वीरेन्द्रको बिराटनगर आगमनमा बम प्रहार तथा ओखलढुंगा टिमुरबोटेको काण्ड हो। ओखलढुंगामा विलक्षण क्रान्तिकारीहरू राम, लक्षमण दाजु भाई लगायत सेनाको घेरामा परेपछि मारिए। यहाँ पक्रिएका क्याप्टन यज्ञबहादुर थापा र बिराटनगर बमकाण्डमा आरोपित भीमनारायण श्रेष्ठलाई अदालतको फैसला गराई गोली हानी मारियो। यस घटनाबाट बिपी कोईरालालाई ठुलो धक्का लाग्यो र उहाँले तत्काल शसस्त्र आन्दोलनलाई रोक्नु भयो। जो सुकैले अनुमान गर्न सक्छ कि बर्षौंको तयारी, शस्त्र संचय तथा परिचालन जारी रहेको अवस्थामा एक्कासी शसस्त्र कारवाहीलाई रोक्न सक्नु कति चुनौतिको कुरा हो, जुन बिपीले बहन गर्नु भयो।

बि.स. २०३६ सालको बिद्यार्थी आन्दोलका पुस्ता अहिले राजनीतिमा सक्रिय नै छन्। काँग्रेस र कम्युनिष्ट दुबै तिरबाट। जनमत संग्रहको घोषणा यस आन्दोलनको ऐतिहासिक उपलब्धि थियो। यसलाई स्वीकार गर्नु कम ठुलो चुनौतिको बिषय थिएन। आन्दोलन उत्कर्षमा पुगेका बेला, राजा बीरेन्द्रको शासन धरापमा परेपछि “सुधारिएको पंचायति व्यवस्था” कि “बहुदलीय व्यवस्था” छान्नका लागि जनमत संग्रह गरिने शाहीघोषणा भयो। यसलाई स्वीकार गर्दै बिपीले जनमत संग्रहलाई स्वीकार गर्नु भयो। पार्टी भित्रबाट गणेशमान जी को आसन्न बिद्रोह र सडकमा बिद्यार्थीहरूको प्रतिरोध देखियो। तेस बिद्यार्थी आन्दोलनका चर्चित नेताहरू नेबिसंघका बलबहादुर केसी र अनेरास्वबियूका शरणबिक्रम मल्ललाई, जनमत संग्रह स्वीकार गरेको भनी आक्रोशित बिद्यार्थीहरूको हूलले त्रिबि कीर्तिपुरबाट घचारेर ल्याई न्युरोड गेट नेरबाट जुताको माला लगाई, कालो मोसो दली, ठेलामा बसाएर न्युरोड घुमाए। तर, बिपी अडिग रहनु भयो। आन्दोलन स्थगित नै भयो। कृतघ्न राजा र उसका शासनले अनेकन धांधली गरेर पुरै मुलुक भरमा गरी जम्मा चार लाख मतको अन्तरले बहुदलीय व्यवस्थाको पक्षलाई पराजित गराए। कस्तो संयोग, तेस बेलाका कर्ताधर्ता मध्येका एक प्रमुख नवराज सुवेदी अहिलेको कथित राजावादी आन्दोलनका संयोजक बनाईएका छन्।

पंचायती व्यवस्थाको खिलाफमा निर्णायक आन्दोलनलाई अगाडी बढाउन गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई र गिरिजा प्रसाद कोईरालको नेतृत्वमा नेपाली काँग्रेसले लामो तयारी पछि बि.स. २०४२ सालमा शान्तिपुर्ण र अहिंसात्मक सत्याग्रहको थालनी गर्यो। तत्कालिन कम्युनिष्टहरू पनि यसमा सहभागी भए। पंचायत हल्लियो। बि.स. २०१७ साल पछि सर्वाधिक राजबन्दीहरू मुलुक भरका जेलहरूमा कोचियो। यसै बीच सिंहदरबारको ग्यालरी बैठक जहाँ राष्ट्रिय पंचायतको बैठक जारी थियो-तेहाँ, राजदरबारको गेटमा, दरबारको लगानी तथा संलग्नता रहेको पाँच तारे होटल अन्नपुर्णामा बम बिस्फोटहरू भयो। रामराजा प्रसादले गणतन्त्र स्थापनाका लागि यी श्रृँखलाबद्ध बमकाण्डको जिम्मेवारी लियो। नेपाली काँग्रेसको अहिंसक सत्याग्रहको समानान्तर हिंसात्मक बारदातको प्रवेश भयो। सत्याग्रहको अक्षुण्णतामा हिंसाको छायाँ देखियो। पार्टी सभापति कृष्ण प्रसाद भट्टराईले गणेशमान सिंहको असहमतिलाई छेउ लाएर भएपनि सत्याग्रहलाई स्थगित गर्नु भयो। तेही बेला ढल्ने राजाको पंचायति व्यवस्था अर्को चार बर्ष पछि बि.स. २०४६ को ऐतिहासिक पहिलो जन आन्दोलनको कारणले ढल्यो। आज पनि धेरैलाई याद होला, राजाबाट बाध्यतावश ०१७ सालमा अपहरित बहुदलीय संसदीय व्यवस्थाको पुनर्स्थापनाको घोषणा पछि टुडिखेलमा आयोजित इतिहास कै शायद सर्वाधिक महत्वपुर्ण सभामा गिरिजा प्रसाद कोईरालाले-यो जीत सबै नेपालीको, जनताको पनि र राजाको पनि” भनी बोल्नु भएपछि “राजाको होईन, होईन” भनी गिरिजा कोईरालालाई सभामा बोल्न दिईएन। सभा अवरूद्ध भयो। तर, नेपाली काँग्रेसका नेताहरू, कम्युनिष्टहरू बिचलित भएनन्। आम जनतालाई नारायणहिटी राजदरबारको ढोका तिर बढन दिएन, जहाँ दरबारको योटा कुनामा सेनाको घेरा भित्र यी ज्ञानेन्द्र कतै लुकेर बसेका थिए होलान्।

मैले यहाँ बि.स. २०६३ को दोस्रो ऐतिहासिक जन आन्दोलनको चर्चा गरिन। लाखौं जनता दरबार फोडन हान्निएको बेला कसरी नेताहरूले जनताको उन्मेषलाई रोके, राजाको प्राणको रक्षा गराए-यो कम चुनौतिको कुरा थिएन। राजाले ईतिहासमा जनतासंग, नेपाली काँग्रेससंग जुन घात गरेको थिए, जनतालाई रोक्न नसकेको भए नारायणहिटीका नालाहरूमा, टुकुचामा बगेका रगतको आहालमा बगिरहेका मासुका टुक्राहरू, चोईटिएर छरिएका अंगहरूको डिएनए परीक्षण गरेर को को मारिए पहिचान गर्नु पर्ने हुन्थ्यो।

सौभाग्यवश, ती कृतघ्न मानिस आज राजा रहेनन्। तर, पुनः राजा हुनका लागि अनेकन् आधारहरू खडागरी, लुप्त षडयन्त्रहरूको सहारा लिई गणतन्त्र फाल्ने उद्यममा लागेका छन्। जसको दुष्परिणाम स्वरूप हिजोको घटना भयो। तर, देखिएन यिनको नैतिकता !

मैले भन्न चाहेको यति हो-न त दुष्परिणाम पछि तेसलाई स्वीकार्ने सहास देखियो, न त आफुले आह्वान गरेको आन्दोलनलाई ठिक दिशामा पहिल्याउने हिम्मत नै देखियो, न त नैतिकता नै ! बस् यही हो सत्य ! - गुप्ताको फेसबुक वालबाट साभार

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# वित्तीय पीडितको आन्दोलनमा रामुपाको ऐक्यबद्धता



काठमाडौं । वित्तीय पीडितहरुको आन्दोलनमा राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालले ऐक्यबद्धता जनाएको छ ।

वित्तीय समस्या समाधान संयुक्त राष्ट्रिय अभियान (महासंघ) नेपालको आह्वानमा विभिन्न अभियानी संघ संस्थाहरूको आइतबारदेखि शुरू भएको शान्तिपूर्ण आन्दोलनमा ऐक्यबद्धता जनाउँदै आन्दोलनले सहकारी पीडित, लघुवित्तबाट ठगिएका गरिब जनता, बैंकिङ धोखाधडीका शिकार परिवार एवं अन्यायको आगोमा जलिरहेका सम्पूर्ण वित्तीय पीडितहरूको आवाज बन्ने महतोले विश्वास व्यक्त गरेका हुन् ।

राष्ट्रिय मुक्ति पार्टी, नेपालको पहिलो केन्द्रीय समिति बैठकले सहकारी पीडित, वित्तीय तथा लघुवित्त पीडित, बैंक पीडित लगायतका विभिन्न खाले वित्तीय शोषणविरुद्ध न्यायपूर्ण संघर्षलाई अगाडि बढाउने निर्णय गरे बमोजिम वित्तीय पिडीतहरुको यस ऐतिहासिक संघर्षमा आफ्नो पनि एक्यबद्धता रहेको उनले जनाए ।

उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकार र आयोजक संस्थाहरूबीच समय-समयमा भएका सम्झौताहरू हालसम्म पनि कार्यान्वयन नभएको र सरकारले आलटाल गर्दै पिडीतलाई झनै पिडीत बनाउने गतिविधिविरुध काठमाडौंमा दबाबको निम्ति आयोजना गरिने शान्तिपूर्ण आन्दोलनमा हाम्रो ऐक्यबद्धता रहको छ ।'

"सम्झौताको खाली ढिंडो होइन, न्यायको आग्रह हो!" सरकारले गत वर्षदेखि गरेका वाचाहरू आजसम्म पनि पुरा नगरेका हुँदा नै सरकार प्रति नागरिकको बिश्वास कम हुँदै गएको हो । पीडितहरूको आँसु र रगतले सिँचिएको यो संघर्ष अब "अलपत्र विश्वास" को राजनीतिलाई चुनौती दिनेछ ।

अब, पार्टीका जिम्मेवार कार्यकर्ताहरु फिब्ब: ख्य: ( माइतिघर मण्डला) लगायत तय भएबमोजिमको संघर्षमा सहभागिता जनाउने छ ।

यो नेपालको गरिब जनताको आर्थिक न्यायको लडाइँ हो । न्याय, समानता र आर्थिक शोषणको अन्त्यका लागि हुने यस संघर्षमा सम्पूर्ण नागरिक समाज, अभियानी समूह तथा पीडित वर्ग एकजुट भई आन्दोलनलाई सफल र परिणाममुखी बनाउन उनले आग्रह गरेका छन् ।

# एमाले, कांग्रेस, माओवादी केन्द्रहरूले उक्साएर राजा ल्याउन खोजेका छन् : प्रभु साह




वीरगंज । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले)ले सडकमा तमाशा देखाईरहेको टिप्पणी गरेका छन् । असफल भईसकेका प्रधानमन्त्री केपी शर्मा ओली सत्तामा बसेर सडकबाट तमाशा गरिरहेको उनले बताए ।

आजपा पर्साद्धारा वीरगंजमा आयोजित अगुवाकार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले एमालेको सडक प्रदर्शनले अराजकताको हद नाघेको टिप्पणी गरेका छन् ।

एमाले निकट युवा संगठनले सोमबार काठमाडौंको तीनकुनेमा मोटरसाईकल र्‍याली निकालेपछि उनले एमालेले राजा छैन भन्ने अनि राजाको विरुद्धमा सडकमा बाईक र्‍यालीको नाममा गुण्डाहरुको ताण्डव देखाईरहेको बताए ।

'एमाले, कांग्रेस, माओवादी केन्द्रहरुले उक्साएर राजा ल्याउन खोजेका छन् । हुदैनभएको राजाको बिरुद्धमा किन नाटक गरेका होलान ? राजावादी र दुर्गा प्रसाईहरुलाई काँधमा बोक्ने नै केपी शर्मा ओलीहरु हो', आजपा अध्यक्ष साहले भने, 'सरकारमा बसेर ओलीको दम्भलाई संस्थागत गर्न युवा संघलाई रमिता देखाउन लगाईयो ।'

एमालेको नेतृत्वमा नक्कली व्यक्ति पुगेपछि देशमा अराजकता मच्चिएको बताउदै उनले देशलाई अस्थितार र अन्धकारमा धेकेल्ने काम स्वयम केपी ओली नेतृत्वको सरकारले गरेको बताए ।

'एमाले र ओलीलाई देश दुख्दैन्, आफ्नो फाइदाको लागि चरित्र धुमिल पारेको पुष्टि भयो । देशमा यत्रो आतंक सिर्जना गराएर केपी ओली आजबाट विदेश शयरमा निस्किँदैछन्', उनले भने ।

यस्तै उनले आफ्नो पकेटका मान्छेलाई गभर्नर बनाउन शेरबहादुर देउवासँग मिलेर मापदण्ड नै परिवर्तन गरिएको बताए । 'अहिलेको सरकारमा नक्कली कांग्रेस र नक्कली एमालेको बोलवाला छ । लुटको स्वर्ग मच्चाएकाहरुलाई अब नागरिकले नर्कमा पठाउने बेला भयो' उनले भने । उनले गगन थापा र विश्वप्रकाश शर्मा त मिडिया खपतको लागि प्रसिद्ध भएको र यिनीहरु देउवा दम्पत्तिसामू निरीह देखिएको टिप्पणी गरे ।

संघीय सरकारमा सहभागि नेताहरु लुट, भ्रष्टाचार, अनियमिततामा लागेको गम्भिर आरोप लगाउदै उनले उनीहरुबाट केही आश गर्नु बेकार रहेको बताए । लुटकारी दलाल दलतन्त्रका कारण मुलुक बर्बाद भईरहेको बताउदै आजपा अध्यक्ष साहले नेताहरुको लुटतन्त्रकै कारण तेस्रो जनआन्दोलन आवश्यक भएको बताए । उनले आम जनताको शासन व्यवस्थाका लागि तेस्रो जनआन्दोलन सफल बनाउनुपर्ने बताए ।

# स्टार्टअप महाकुम्भमा नेपाल कक्षको उद्घाटन



काठमाडौं । भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) मुनु महावर र भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले संयुक्त रूपमा स्टार्टअप महाकुम्भमा नेपाल कक्षको उद्घाटन गरेका छन् । भारत सरकारको उद्योग प्रवर्द्धन र आन्तरिक व्यापार विभाग (DPIIT) को सहयोगमा स्थापित नेपाल कक्षमा अन्तरिक्ष, सूचना प्रविधि (आईटी), कृत्रिम बुद्धिमत्ता (एआई), जलवायु प्रविधि, शिक्षा प्रविधि (एडटेक) देखि कृषि प्रशोधनसम्मका विभिन्न क्षेत्रका १९ नेपाली स्टार्टअपहरूले आफ्ना उत्पादनहरू प्रदर्शन गरिरहेका छन् ।

कार्यक्रममा सहभागी हुनका लागि १० युवा नेपाली स्टार्टअप संस्थापकहरूलाई भारतस्थित नेपाली दूतावासले सहयोग गरेको थियो । तीन दिनसम्म सञ्चालन हुने उक्त कार्यक्रमले नेपाली स्टार्टअपहरूलाई भारतीय स्टार्टअप इकोसिस्टमसँग जोडिने अवसर प्रदान गरेको भारतीय दूतावासले सामाजिक सञ्जाल एक्समार्फत जानकारी दिएको छ । दूतावासका अनुसार सो कार्यक्रमले नेपाल र भारतका स्टार्टअपहरुबीच सहकार्यको नयाँ अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## हिन्दू राष्ट्र स्थापनार्थ आन्दोलनका लागि तयार रहन सन्तोषानन्द महाराजको अनुरोध

वीरगंज । नेपाल जनता पार्टी पर्सा जिल्ला समितिको बैठकलाई सम्बोधन गर्दै वरिष्ठ नेता सन्तोषानन्द महाराजले सनातन हिन्दू राष्ट्र नेपाल स्थापना हेतु हुने आन्दोलनका लागि तयार रहन सम्पूर्ण सरोकारवालालाई अनुरोध गरेका छन् । हिन्दू राष्ट्र पक्षधर सम्पूर्ण शक्तिलाई हाम्रो पूर्ण साथ र समर्थन रहने उनले बताए । नेपालीहरुको पहिचान विश्व सामू हिन्दू राष्ट्रबाट थियो । धर्म निरपेक्षताको आडमा केवल हिन्दूहरु माथी अत्याचार, दमन, शोषण, अन्याय र पीडा दिने कार्य व्यापक रूपमा भइरहेको उनले बताए । महाराजले भने, 'सनातन हिन्दू राष्ट्र नेपाल सम्पूर्ण नेपालीहरुलाई एक सूत्रमा बाँध्ने सेतु हो । सच्चा नेपालीले हिन्दू राष्ट्रको विरोध गर्दैन । केवल ईसाई र इस्लामिक एजेन्ट विरोध गर्छन् ।' हिन्दू राष्ट्र नेपाल स्थापना हेतु हुने आन्दोलनमा नेपाल जनता पार्टीको निर्णायक भूमिका हुने ठोकुवा गरेका थिए । रानीसती मन्दिर वीरगंजमा भएको बैठकमा नेपाल जनता पार्टीका केन्द्रीय वरिष्ठ नेता संतोषानन्द महाराज, केन्द्रीय सदस्यहरु सुरेश साह कानू, अधिवक्ता बिनोद प्रसाद कुर्मी, पारस द्विवेदी, मधेश प्रदेश समिति सदस्यहरु राम प्रसाद कुर्मी, विभा साह, पर्सा जिल्ला अध्यक्ष अनिल कुर्मी, उपाध्यक्ष धीरज साह हलुवाई, महामन्त्री नबीन मिश्रा, मन्त्री आनन्द सिंह कुर्मी, प्रमोद शर्मा, कोषाध्यक्ष राजेश साह कलवार, सह-कोषाध्यक्ष संतोष कुशवाहा, कार्य समिति सदस्यहरु पीयूष गुप्ता, अंशू कुमार प्रजापति, सुमंत कुमार दीप, मधुसूदन ठाकुर लोहार, भगल महरा, मुना साह तेली, विनय सिंह राजपूत, मनीष वर्णवाल, अजय पासवान, जयश्री देवी साह, रंजिता देवी, महिला मोर्चा पर्सा संयोजक संगीता गुप्ता, सह-संयोजक रेखा वर्णवाल सहभागी रहेका थिए ।


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# सीमा व्यवस्थापनमा पारस्परिक सहकार्यलाई थप सुदृढ गर्ने सहमति

काठमाडौं । नेपाल-भारत सीमा व्यवस्थापनमा पारस्परिक सहकार्यलाई थप सुदृढ गर्ने सहमति भएको छ । भारत-नेपाल सीमा व्यवस्थापन (बीएम) सम्बन्धी संयुक्त कार्यदल (जेडब्लुजी) को बिहिबार र शुक्रबार पोखरामा बसेको १३ औं बैठकले सो निर्णय गरेको हो । बैठकले सीमा स्तम्भहरूको मर्मत, आपराधिक गतिविधि न्यूनीकरण, पूर्वाधार सुदृढीकरण, तथा विपद् व्यवस्थापनमा सहकार्य विस्तार गर्ने महत्वपूर्ण निर्णय गरेको छ ।




गृह मन्त्रालयका सहसचिव (सुरक्षा तथा समन्वय) रामचन्द्र तिवारी र भारत सरकारको गृह मन्त्रालयका सहसचिव ( सीमा व्यवस्थापन) मिहिर कुमारको नेतृत्वमा सम्पन्न बैठकमा दुवै पक्षले सीमावर्ती क्षेत्रमा स्थायित्व र सुरक्षित आवागमन सुनिश्चित गर्नका लागि महत्वपूर्ण सहमति जनाएका छन् । बैठकमा विशेष रूपमा पछिल्लो जेडब्लुजी बैठक (२०७९ असार १-२, नयाँ दिल्ली) मा भएको निर्णयहरूको समीक्षा गर्दै सीमा स्तम्भहरूको मर्मत तथा सम्भारलाई प्राथमिकतामा राख्ने सहमति भएको हो । साथै, सीमापार अपराध नियन्त्रण, एकीकृत जाँच चौकी, सडक तथा रेल सञ्जाल विस्तार, सुरक्षा निकायहरूको क्षमता अभिवृद्धि, र विपद् जोखिम न्यूनीकरणका विषयमा पनि गहन छलफल भएको थियो ।

सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन दुवै देशबीच पारस्परिक कानूनी सहायता सन्धि ( एमएलएटी) सम्पन्न गर्ने विषयमा पनि छलफल भयो । साथै, सीमावर्ती जिल्लाहरूको संयुक्त समन्वय समिति (बीडीसीसी) को प्रगतिबारे समीक्षा गर्दै कार्यान्वयन प्रक्रियालाई तीव्रता दिने निर्णय गरिएको छ । बैठकको क्रममा दुवै पक्षले सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्यदलको बैठक नियमित रूपमा आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै, भारतले आगामी वर्ष भारतमा आयोजना हुने जेडब्लुजी बैठकका लागि नेपाललाई औपचारिक निमन्त्रणा दिएको छ ।

# एशियन लाइफ इन्स्योरेन्सको सत्रौं वार्षिकोत्सव

काठमाडौं । एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो स्थापनाको सत्रौं वर्ष पुरा गरी अठारौं वर्षमा प्रवेश गरेको छ । कम्पनीले २०६४ चैत्र २१ गतेबाट कारोबार प्रारम्भ गरेको हो । अठारौं वर्ष प्रवेशको उपलक्ष्यमा २०८१ चैत्र १५ गतेदेखि चैत्र २१ गतेसम्म देशभर संस्थागत सामाजिक उत्तरदायीत्व अन्तर्गत विविध कार्यक्रमहरु आयोजना गरिएको छ । वार्षिकोत्सवको अवसरमा रक्तदान जीवन दान




भन्ने नारालाई आत्मसाथ गर्दै मिति २०८१/१२/२१ गते मैतीदेवीस्थित प्रधान कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ । कार्यक्रममा कम्पनीको प्रधान कार्यालयका साथै काठमाण्डौं उपत्यकाभित्रका शाखा, उपशाखाका कर्मचारी, विभिन्न संघ संस्थाका प्रतिनिधि समेत ७४ जनाले रक्तदान गरेका छन् ।

वार्षिकोत्सवका अवसरमा चैत्र १८ गते काठमाडौं उपत्यकाभित्रका कर्मचारीहरुबीच मैत्रीपूर्ण फुटसल प्रतियोगिताको आयोजना गरिएको थियो । साथै देशभरका विभिन्न ८६ वटा शाखा,उपशाखा कार्यालयहरुमार्फत् वृद्धाआश्रम, सामुदायीक विद्यालय, अनाथालय तथा सामाजिक संघ संस्थाहरुलाई शैक्षिक सामाग्री, खाद्यान्न तथा फर्निचर लगायत रु. १० लाख बराबरको सहयोग उपलब्ध गराइएको छ ।




## जिल्ला समाचार

### समृद्धि नचाहनेहरूले मुलुकलाई वंशवादतर्फ लैजाने प्रयास गरिरहेका छन् : नेपाल

विराटनगर । नेकपा (एकिकृत समाजवादी) पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले समृद्धि नचाहनेहरुले मुलुकलाई वंशवादतर्फ लैजाने प्रयास गरिरहेको बताएका छन् । उनले नेपालमा राजा फर्कने कुनै सम्भावना नरहेको दाबी गरेका हुन् । विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै नेपालले अग्रगमन र संवृद्धि नचाहने केही प्रतिगामी तत्त्वहरूले मुलुकलाई एकाधिकार तथा वंशवादतर्फ लैजाने प्रयास गरिरहेको बताए । उनले मुलुकमा गणतन्त्र स्थापना भएसँगै सार्वभौम नेपाली जनता  अधिकार सम्पन्न भइसकेको अवस्थामा नेपाली जनताले  कुनै पनि वंशवाद र एकाधिकारवाद स्वीकार्य गर्न नसक्ने प्रष्ट पारे । उनले संसारमै दास युग र सामन्ती युगको अन्त भइसकेको अवस्थामा नेपालमा  राजा फर्कने सम्भावना नभएको प्रष्ट पारे । अध्यक्ष नेपालले आन्दोलनका नाममा विध्वंस मच्चाउने  आपराधिक तत्त्वलाई सरकारले कडाभन्दा कडा कारबाही गर्नुपर्ने बताए । आन्दोलनको नाममा सार्वजनिक सम्पत्ति तोडफोड गर्ने र मान्छेको हत्या गर्ने जो कोहीलाई पनि सरकारले कडाभन्दा कडा कारबाही गर्नुपर्ने उनको भनाई थियो ।

### प्रदेश प्रमुखद्वारा तीन विधेयक प्रमाणीकरण

जनकपुरधाम । मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले तीनवटा विधेयक प्रमाणीकरण गरेकी छन् । प्रदेश प्रमुख भण्डारीले मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेको प्रदेश प्रमुखको सचिवालयले जानकारी दिएको छ । प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता सत्रुधन यादवले नेपालको संविधानको धारा १९९ बमोजिम पारित भई धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित भई प्रमाणीकरणका लागि पेश हुन आएको विधेयकहरू नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरिएको जानकारी दिएका हुन् । मधेश प्रदेश सभाबाट तीन वटै विधेयक केही समय अगाडी पारित भएका थिए । प्रदेश सभाबाट पास भएका विधेयकहरू प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि कार्यान्वयनमा आउने संवैधानिक व्यवस्था रहेको छ ।

### दोषीहरुलाई न्यायको कठघरामा ल्याउन माग

जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेश चन्द्र लालले शुक्रबार राजावादीहरुको प्रदर्शनको क्रममा भएका हत्या, हिंसा, लुटपाट, आगजनीको भर्त्सना गरेका छन् । तमलोपा अध्यक्ष लालले प्रेस विज्ञप्ति जारी गरी नेपाली जनताको लामो संघर्ष र बलिदानपछि प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र विरुद्ध राजतन्त्र र त्यसको निरंकूशता तर्फ धकेल्ने दूषित मनसायले शुक्रबार केही पुनरुत्थानवादीहरुद्वारा हत्या ,हिंसा, लूटपाट, आगजनी गरी अराजकता निम्त्याउने कुत्सित दुष्प्रयासको भर्त्सना गरेका छन् । उनले जनताको सार्वभौम अधिकार र सर्वोच्चतालाई चुनौती दिने यस्ता घटनाहरुको न्यायिक छानबीन गरी दोषीहरुलाई न्यायको कठघरामा ल्याउन माग गरेका छन् । 'यस्ता प्रतिक्रान्तिवादी र पुनरुत्थानवादी शक्तिहरु विधिको शासनमा देखिएका बेथिति तथा भ्रष्टाचार र नातावाद कृपावाद-समूहवादले प्रदूषित राज्यका अंगहरुको कारण जनतामा व्याप्त चरम निराशाको अनुचित लाभ लिन खोजेको तथ्यप्रति शासनसत्तामा बस्ने गरेका समूहहरुले बेलैमा बोध लिनु उचित हुने सत्यतिर सबैको ध्यान आकर्षित गराउँदछौं । सबै किसिमको कदाचारको अन्त्य र विधिको शासनप्रति अटूट प्रतिवद्धता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुसार राज्यका अंगहरुमा समानुपातिक समावेशी भागीदारीको सुनिश्चितता नै यसको एक मात्र समाधान रहेको स्पष्ट गर्न चाहन्छौं ।' उनले विज्ञप्तिमा भनेका छन् ।

### अस्पतालका दुई व्यवस्थापक पक्राउ

जनकपुरधाम । मधेश प्रदेशको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको बन्द गर्ने निर्देशन अटेर गर्दै गोप्य तरिकाले सञ्चालनमा रहेको जनकपुरधामस्थित एउटा अस्पताललाई मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले सोमबार पुन: बन्द गराएका छन् । मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानको एकेडमिक भवन शिलान्यास गरी मुख्यमन्त्रीको सरकारी निवासतर्फ फर्कँदै गर्दा अनिश्चितकालका लागि सेवा बन्द बोर्ड मूल गेटमा झुन्ड्याइए पनि त्यस वरपर शङ्कास्पद गतिविधि देखिएपछि मुख्यमन्त्री सिँहले अुगमन गर्दा जनकपुरधामको थापाचोकस्थित जनकपुर सीता अस्पताल प्रालिमा बिरामी भर्ना गरी स्वास्थ्यसेवा दिइरहेको अवस्था पाइएको छ । अस्पतालले बाहिरी गेटमा अस्पताल बन्द रहेको सूचना टाँस गरे पनि भित्र पाँचजना बिरामीलाई भर्ना गरी उपचार गरिरहेको मुख्यमन्त्री सिँहले भेटेका थिए । जबर्जस्ती र सरकारी निकायलाई झुक्याउने गरी अवैध ढङ्गले अस्पताल सञ्चालन गरिरहेका अस्पतालका सञ्चालक व्यवस्थापक मधु महतो र सुभाष मुखियालाई प्रहरीले नियन्त्रणमा लिएको छ । ती दुवैलाई जिल्ला प्रहरी कार्यलय धनुषामा राखिएको छ । सेवा सञ्चालन अनुमति नरहेको र अस्पतालका लागि चाहिने न्यूनतम मापदण्डसमेत पुरा नगरेको सो अस्पताललाई मुख्यमन्त्री सिँहसहितको टोलीले गत माघ २६ गते गरेको अनुगमनक्रममा अस्पतालमा उपचाररत बिरामीलाई अर्को अस्पतालमा सारेर बन्द गर्ने निर्देशन दिएको थियो ।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

कपिलवस्तु । कृष्णनगर नगरपालिका-१० अमौलीस्थित सडकमा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । सोही नगरपालिका-१० अमौली बस्ने राजेश यादवकी छोरी ४ वर्षीया ईन्दु यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । सोमबार दिउँसो भएको दुर्घटनामा गम्भीर घाइते भएकी उनको भैरहवा मेडिकल कलेजमा उपचारको क्रममा मंगलबार बिहान मृत्यु भएको हो ।  प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गर्नुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सामाजिक संजालको प्रयोग गरी फिरौती रकम माग गर्ने व्यक्ति पक्राउ

बाँके । सामाजिक संजाल ह्वाट्स एपको प्रयोग गरी ५ करोड भारतीय रूपैयाँ फिरौती रकम माग गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । कोहलपुर नगरपालिका-५ डेरा गरी बस्ने सुर्खेत भेरी गंगा नगरपालिका-७ काठेघारी घर भएका ४१ वर्षीय राम बहादुर बुढा क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ । राम बहादुरले विभिन्न विदेशी नम्बरको ह्वाट्स एप खोली आफु लोरेन्स बिस्नोई र अनमोल बिस्नोई हो भनि म्यासेज गरी उक्त रकम माग गरेको र उक्त रकम नदिएमा जे पनि हुन सक्ने भनि धम्काउने गरेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरूको समझदारी पत्रमा



काठमाडौं । भारत सरकारको अनुदान सहयोग अन्तर्गत नेपालमा शिक्षा, स्वास्थ्य र संस्कृति क्षेत्रमा कार्यान्वयन हुने १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरूको समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

भारत सरकारको अनुदान सहयोगमा शिक्षा, स्वास्थ्य र संस्कृति क्षेत्रमा कुल नेरु.६२.५ करोड परियोजना लागतमा नेपालमा १० वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसीडीपी) सञ्चालन गर्न काठमाडौंस्थित भारतीय दूतावास, नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन एजेन्सीहरूले समझदारी पत्र (एमओयु) मा हस्ताक्षर गरेका छन् ।

यी १० परियोजनाहरू (क) कोशी प्रदेशको ताप्लेजुङको मिक्वाखोला गाउँपालिकास्थित सान्बा माध्यमिक विद्यालयको निर्माण, (ख) कोशी प्रदेशको सोलुखुम्बुको लिखु पिके गाउँपालिकास्थित न्याग्युर न्यिङ्मा पल्युल ढोङ्गाग छोलिङ गुम्बाको निर्माण, (ग) बागमती प्रदेशको चितवनको भरतपुर महानगरपालिकास्थित श्री राष्ट्रिय प्राथमिक विद्यालयमा नेपाल-भारत मैत्री ई पुस्तकालयको निर्माण, (घ) बागमती प्रदेशको सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी भवनको निर्माण, (ङ) बागमती प्रदेशको सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका वडा नं. ६ मा स्वास्थ्य चौकी भवनको निर्माण, (च) लुम्बिनी प्रदेशको गुल्मीको धुर्कोट गाउँपालिकास्थित निन्युखर्क माध्यमिक विद्यालयको निर्माण, (छ) लुम्बिनी प्रदेशको रुपन्देहीको बुटवल उपमहानगरपालिकास्थित नयाँ गाउँ माध्यमिक विद्यालय भवनको निर्माण, (ज) कर्णाली प्रदेशको हुम्लाको चंखेली गाउँपालिकामा नेपाल-भारत मैत्री अस्पतालको भवन निर्माण, (झ) सुदूरपश्चिम प्रदेशको कैलालीको धनगढी उपमहानगरपालिकास्थित सिद्धनाथ माध्यमिक विद्यालयको निर्माण र (ञ) सुदूरपश्चिम प्रदेशको बझाङको जयपृथ्वी नगरपालिकास्थित श्री सत्यवादी माध्यमिक विद्यालयको प्रशासनिक तथा छात्रावास भवनको निर्माण, नेपालमा यी परियोजनाहरू नेपाल सरकारका स्थानीय निकायहरू जस्तै महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु मार्फत कार्यान्वयन गरिनेछ ।

यी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (एचआइसीडीपी) को कार्यान्वयनले नेपालका जनतालाई राम्रो शैक्षिक, स्वास्थ्य सेवा र सांस्कृतिक सुविधाहरू प्रदान गर्न मद्दत गर्नेछ ।

सन् २००३ यता भारतले आज समझदारी पत्रमा हस्ताक्षर भएका १० वटा परियोजनाहरू सहित नेपालमा ५७३ भन्दा बढी एचआइसीडीपीहरुमा कार्य गरेको छ र नेपालका ७ वटै प्रदेशका तल्लो तहमा शिक्षा, स्वास्थ्य, सडक तथा पुल, नदी तालिम, खानेपानी, विद्युतीकरण, सिँचाइ, संस्कृति, समाज कल्याण र अन्य सार्वजनिक उपयोगिताहरूको सिर्जनाका क्षेत्रमा ४९५ परियोजनाहरू पूरा गरेको छ । बाँकी परियोजनाहरू विभिन्न चरणहरूमा सञ्चालन भइरहेको छ ।

नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले नेपाली जनताको उत्थानका लागि र प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

# राजदूत शर्मा र युपीका मुख्यमन्त्रीबीच भेटवार्ता



काठमाडौं । भारतका लागि नेपालका राजदूत डा. शंकरप्रसाद शर्मा र भारत उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथबीच भेटवार्ता भएको छ । भेटवार्ताका क्रममा द्विपक्षीय व्यापार विस्तार र आर्थिक सहकार्य, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन, उच्च शिक्षा र छात्रवृत्तिको अवसरहरू, जलविद्युत् र अन्य ऊर्जा परियोजनामा सहकार्य, यातायात तथा कनेक्टिविटी सुधार, सीमा सुरक्षा, आपसी सहकार्य, र विकासका सम्भावनाबारे छलफल भएको हो। नेपालको वर्तमान परिस्थितिका बारेमा पनि छलफल भएको बुझिएको छ ।

राजदूत शर्मा र मुख्यमन्त्री योगी आदित्यनाथबीच नेपाल-भारत सम्बन्धलाई थप मजबुद बनाउने विषयमा कुराकानी भएको बताइएको छ । योगीसँगको भेटघाटका क्रममा राजदूत शर्माले नेपाल-भारत ऐतिहासिक मित्रतालाई अझ प्रगाढ बनाउन पहल गर्ने र द्विपक्षीय सहकार्य विस्तार गर्दै आपसी विकास र समृद्धिमा जोड दिने प्रतिवद्धता जनाएका छन् ।

# जिनियस अन्तर्राष्ट्रिय उत्कृष्ट सम्मानबाट रामबाबु राउत सम्मानित



वीरगंज । गायक तथा संगीतकार रामबाबु राउत (पटेल) जिनियस अन्तर्राष्ट्रिय उत्कृष्ट सम्मान पुरस्कारबाट सम्मानित भएका छन् । थाइल्यान्डको बैंककमा आयोजित जिनियस अन्तर्राष्ट्रिय उत्कृष्ट सम्मान पुरस्कार (Genius International Excellence Honor Award–2025) समारोहमा रौतहटको वृन्दावन नगरपालिका-३ निवासी गायक तथा संगीतकार राउत सम्मानित भएका हुन् ।

मार्च २५, २०२५ मा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू सहभागी थिए । नेपाली संगीत क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका राउतलाई यो सम्मान प्रदान गरिनु नेपालका लागि गर्वको विषय हो ।

संगीत साधनामा लामो समयदेखि सक्रिय रहेका राउतले थुप्रै गीतहरूमा आफ्नो स्वर तथा संगीत प्रदान गरिसकेका छन्। उनी लोकगीतदेखि आधुनिक संगीतसम्ममा विशेष पहिचान बनाउँदै आएका छन् ।

# कञ्चनजंघा हिमाल आरोहण अभियान शुभारम्भ



काठमाडौं । नेपाल र भारतको झण्डा हल्लाएर कञ्चनजङ्घा हिमाल आरोहण अभियानको शुभारम्भ गरिएको छ । आगामी अप्रिल देखि मे सम्म सञ्चालन हुने अभियानको बिहिबार भारतको राजधानी नयाँ दिल्लीस्थित रक्षा मन्त्रालयमा नेपाल र भारको झण्डा हल्लाएर शुभारम्भ गरिएको हो ।

हिमाल आरोहण अभियानमा नेपाली सेना र भारतीय सेनाको संयुक्त सहभागितामा रहने जनाइएको छ ।

अभियान शुभारम्भ समारोहमा भारतका रक्षा मन्त्री राजनाथ सिंहले नेपाली सेना र भारतीय सेनाको संयुक्त आरोहण टोलीहरुलाई झण्डा हस्तान्तरण गरे । नेपाली सेनाको तर्फबाट सैनिक तालिम महानिर्देशक उपरथी ध्रुव प्रकाश शाह सहभागी थिए ।

समारोहमा भारतका जनरल अनिल चौहान, स्थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदी, नेपालका लागि भारतस्थित राजदूत डा. शंकर प्रसाद शर्मा, सैनिक सहचारी तथा अन्य विशिष्ट अधिकारीहरूको उपस्थिति रहेको थियो।

आरोहण अभियानमा भारतीय सेनाका ३४ पर्वतारोहीले सगरमाथा आरोहण गर्ने लक्ष्य राखिएको छ । टोलीले परम्परागत दक्षिणी कर्नलको मार्ग अवलम्बन गर्नेछन्। नेपाल-भारत संयुक्त अभियानको उद्देश्य कञ्चनजङ्घा हिमाल आरोहण गर्ने हो । जसमा भारतीय सेनाका १२ र नेपाली सेनाका ६ पर्वतारोही सहभागी हुनेछन् । जसको नेतृत्व भारतीय सेनाका कर्णेल सरफराज सिंहले गर्नेछन् । साथै, सगरमाथामा एनसीसीको संयुक्त अभियानको नेतृत्व कर्णेल अमित बिष्टले गर्नेछन्। टोलीमा पाँच केटी क्याडेट, पाँच विद्यार्थी क्याडेट, चार अफिसर र ११ स्थायी तालिम कर्मचारी रहेका छन् ।


## खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकिन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफुट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं